मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## पाँचौं अधिवेशन जेठ २१ गतेदेखि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशसभाको पाँचौं अधिवेशन जेठ २१ गतेदेखि हुने भएको छ । प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता शत्रुधन यादवले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै प्रदेश प्रमुखबाट जेठ ११ गते बसेको प्रदेश सरकारको बैठकको निर्णयअनुसार प्रदेशसभाको अधिवेशन आह्वान गरिएको जानकारी दिए । नेपालको संविधानको धारा १८३ को उपधारा (१) अनुसार अधिवेशन आह्वान गरिएको प्रेस विज्ञप्तिमा उल्लेख छ । 'प्रदेश प्रमुखबाट प्रदेश सरकार (मन्त्रिपरिषद्) को जेठ ११ गतेको बैठकबाट प्रदेशसभाको पाँचौं अधिवेशन आह्वान गर्ने निर्णयानुसार सिफारिस भई आए बमोजिम नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम विसं जेठ २१ गते बुधबार दिउँसो १ बजेदेखि लागू हुने गरी मधेश प्रदेशसभाको पाँचौं अधिवेशन आह्वान गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ,' विज्ञप्तिमा भनिएको छ ।

● वर्ष ३ ● अंक १९५ ● २०८२ साल जेष्ठ १५ गते बिहीबार ● Thursday 29, May 2025 ● सूर्योदय: बिहान ५:१२ बजे ● सूर्यास्त: साँझ ६:५४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# प्रमाण अभावमा आलम निर्दोष

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस रौतहटका पूर्वसांसद, पूर्वमन्त्री मोहम्मद अफताब आलम अदालतबाट निर्दोष सावित भएका छन् र उनी ललितपुरस्थित नख्खु कारागारबाट मुक्त भएका छन् । उनी इँट्टाभट्टामा मान्छे हालेर पोलिएको मुद्दामा जिल्ला अदालतबाट जन्मकैद फैसलापति कारागारमा थिए तर ठोस प्रमाण विपक्षीले पेस गर्न नसकेको भन्दै उच्च अदालत वीरगंज इजलासबाट निर्दोष सावित भएपछि राष्ट्रिय चर्चाको विषय बनेको छ ।

जिल्ला अदालत रौतहटले दोषी ठहर गर्दै जन्मकैदको फैसला गरेका आलमको हकमा फैसला उल्टिएको हो । २०६४ चैत २७ गते संविधान सभाको निर्वाचनको अघिल्लो राति रौतहटको राजपुरस्थित इँटा भट्टामा मान्छे पोलेर हत्या गरेको आरोपमा आलम अदालतबाट दोषी ठहर भएपछि कारागारमा थिए । घटना भएको १२ वर्षपछि रौतहट प्रहरीले २०७६ असोज १९ गते उनलाई पक्राउ गरेको थियो । काका शेख इन्द्रिसको घरमा बम बनाउने क्रममा त्रिलोकप्रताप सिंह र ओशी अख्तरसहित घाइतेलाई जिउँदै इँटाभट्टामा जलाएर हत्या गरेको र प्रमाण नष्ट गरेको आरोपमा आलम दोषी ठहर भएका थिए ।

अदालतले भनेको छ, 'मिति २०६४–१२–२७ गते बम विस्फोटको घटना भएको भनिएकामा वारदात अनुसन्धानबाट पुष्टि हुन नसकेको, जाहेरी गरी अनुसन्धान भई मारिएका भनिएका व्यक्ति मृत्यु भएको भन्ने यकिन साथ पुष्टि हुननसकेको भनी महान्यायाधिवक्ता कार्यालयबाट मिति २०६५–३–३० गते यसै कसैउपर मुद्दा नचलाउने भनी निर्णय भएको देखियो । सम्मानित सर्वोच्च अदालतबाट २०६५–३–३० को निर्णय बदर गरी पुनः प्रमाणितदेखि प्रचलित कानूनबमोजिम गर्न गराउन मिति २०६९–२–१६ गते परमादेश जारी भइ २०७६–१२–११ गते पुनः अनुसन्धान भएको देखिन्छ । संकलित सबुत प्रमाणमा मोहम्मद अफताब आलमको घरमा मिति २०६४–१२–२७ गते बम विस्फोट वस्तुनिष्ट प्रमाणले पुष्टि हुन नसकेको । विष्फोटका घाइते भनिएका पिन्टु भनिने त्रिलोकप्रकाश सिंह र ओसी अफताबलाई ट्याक्टरमा हाली राजा इट्टाभट्टामा हालेर पोलिएको भन्ने ठोस सबुत प्रमाण वादीले पेस गर्न नसकेको र विधि विज्ञान परीक्षण प्रतिवेदनसमेत मृतकलाई इट्टाभट्टामा पोलिएको अभियोग दाबी पुष्टि हुन नसकेको अवस्थामा शुरुले गरेको सजाय नमिलेको देखिँदा उल्टी भई सफाइ पाउनू ।'



### के थियो आलम जोडिएको घटना ?

आलमका काका शेख इन्द्रिसको घरमा बम बनाउने क्रममा त्रिलोकप्रताप सिंह र ओशी अख्तरसहित घाइते भएका थिए । प्रमाण लुकाउन उनीहरूलाई जिउँदै इँटाभट्टामा जलाएर हत्या गरेको घटना बाहिरिएको थियो ।

आलमले नै बनाउन लगाएको बम
बिस्फोटमा परेर घाइते भएका
लाई घटना सार्व
ज
निक हुने डरले जिउँदै इँटाभट्टामा जलाएर हत्या गरिएको अनुसन्धानबाट देखिएको थियो । त्यतिबेला प्रहरीले घटनास्थलमा कुनै किसिमको बिस्फोट नभएको भनेर मुचुल्का बनाएको थियो । प्रहरी, जिल्ला सरकारी वकिल कार्यालय र पुनरावेदन सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने राय दिएको थियो ।

प्रत्यक्षदर्शीहरुका अनुसार, त्यसक्रममा केही घाइते आफूलाई बचाउन आग्रह गर्दै चिच्याएका थिए । घटना सार्वजनिक हुने डरले आलमले सहयोगीँग मिलेर नजिकको इँटाभट्टाको आगोमा हालेर जलाएको प्रत्यक्षदर्शीको बयान थियो । प्रहरी, जिल्ला सरकारी वकिल कार्यालय र पुनरावेदन सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने राय दिएका थिए । २०६५ असार ३० गते तत्कालीन महान्यायाधीवक्ता यज्ञमूर्ति बञ्जाडेले मुद्दा नचल्ने निर्णय गरे । उनको निर्णयमा भनिएको थियो, 'मारिएका भनिएका व्यक्तिको मृत्यु भएको भन्ने यकिन हुन नसकेको साथै उनीहरुको मृत्यु कर्तव्यबाट हुन गएको भन्ने पुष्टि हुन सकेको नदेखिएको ।'

बम काण्डमा मृत्यु भएका ओसी अख्तरकी आमा रुक्सनाको समेत गोली हानी हत्या भएको थियो । २०६७ माघ ८ गते साँझ दुर्गाभगवती गाउँपालिकास्थित माइतीबाट आफ्नो घर आउँदै गर्दा गौडा कुरेर बसेका हतियारधारी समूहले रुक्सनाको गोली हानी हत्या गरेको थियो । घटनामाथि अहिलेसम्म अनुसन्धान भएको छैन । किटानी जाहेरी, घटनास्थलको प्रकृति मुचुल्का, तत्काल मौकामा बुझिएका शेख सराजुल मियाँ र ओहिद मियाँको कागज, मानव अधिकार आयोग लगायतका निकायको प्रतिवेदनका आधारमा विस्फोटको घटना सार्वजनिक हुने डरले बम बिस्फोटका घाइतेलाई इँटाभट्टामा जलाई हत्या गरेको घटना पुष्टि हुने विवरण थियो । आलममाथि राज्यको सुरक्षा बलको सहयोग लिई शव बेपत्ता पारेको भन्ने आरोप समेत थियो । आलमविरुद्धको जाहेरी लामो समयसम्म कारबाही भएको थिएन । न्यायाधीशद्वय सुशीला कार्की र डा. भरतबहादुर कार्कीको इजलासले केही न केही प्रमाण भेटिएको अवस्थामा महान्यायाधिवक्ताले स्वेच्छाचारी निर्णय गर्न नहुने फैसला गरेका थिए । सर्वोच्च अदालतको आदेशपछि २०७६ असोज १९ गते प्रहरीले रौतहट क्षेत्र नम्बर २ का तत्कालीन सांसदसमेत रहेका आलम पक्राउ परेका थिए ।

जिल्ला अदालत रौतहटले २०७६ कात्तिक २९ गते आलमलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो ।

## व्यवस्था फेरियो
## दुःखियाको अवस्था फेरिएन



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
धनुषाको सबैला नगरपालिकाको पटेर्वा वडा नम्बर ४ मा मकै खेतमा मचान बनाएर बसेका दुःखी यादव दिउँसोदेखि यसरी नै रातिसमेत त्यही मचानमा सुत्ने गरेका छन् । मकैमा आउने गरेको चरा र पशुबाट जोगाउन उनले मचानमा रात बिताउने गरेका छन् । तराईमा गर्मीले सर्वसाधारणले आजित भइरहेका बेला उनको रात र दिन त्यही मचानमा बित्ने गरेका छन् ।

खेतमा लगाइएको मकै बाली यसपटक निकै सप्रिएको उनी सुनाउँछन । तर गाउँघरमा अनावश्यकरुपमा आउने पशुचौपायाले दुःख दिने गर्छ । चराले समेत बाली टिपेर नोक्सानी पुर्याउने गरेको छ । उनी भन्छन्, 'के गर्नु, बाली नै हाम्रो खानाको श्रोत र छोराछोरी विद्यालयमा पढाउने श्रोत हो ।' उनका अनुसार सरकारी विद्यालयमा राम्रो पढाइ हुँदैन, दुई छाक काटेर भए पनि छोराछोरीलाई निजी विद्यालयमा पढाउँछन् । बाली नै सप्रेन भने खाना र छोराको स्कुलको शुल्क कसरी तिर्ने भन्ने पिरलो छ । यो चिन्ता उनको मात्र होइन, आम कृषकको हो तर सरकारले हरेकपटक कृषि सुधारको नारा दिन्छ तर कृषि सुधार भएको पाइँदैन । ग्रामीण भेगमा जनताको भविष्य नै कृषि भए पनि सरकारले कृषिमा पर्याप्त लगानी गर्दैन । अनुदान पनि पहुँचवालाले मात्रै पाउने गरेका छन् । जसले दुःखिया जस्ता अनेकौँ किसानको दुःख र पीडा उस्तै छ ।

बिहीबार १८ औँ गाणतन्त्र दिवसको उल्लास शहरी क्षेत्रमा देखिएको छ भने ग्रामीण भेगमा अहिले पनि त्यो उत्साहले स्थान पाएको छैन । उनीहरुका लागि गणतन्त्र आए पनि संघीयता आएपछि राज्यको श्रोतमा पहुँच भएको अनुभूति छैन । निरंकुश राणा शासनदेखि संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा अनेकौँ शासन व्यवस्थाको अनुभव बटुलेका नेपाली जनता आजको सन्दर्भमा एउटा संघीय सरकार, सात प्रदेश सरकार र ७ सय ५३ स्थानीय सरकारसहित ७ सय ६१ सरकार सञ्चालन गरिरहेका छन् । तर अहिले पनि गाउँघरमा जनतामा परिवर्तनको अनुभूति आएको छैन । गाउँगाउँमा बाटो पुगेको छ, हिजोसम्म मुस्किलले साइकल कुद्ने गाउँ पिच भएको छ । सरकारी गाडी कुदिरहेका छन् । जनकपुरधाम उपमहानगरपालिका–१६ को सडक छेउमै ऐलानी जग्गामा बस्दै आएकी निर्मलादेवी मरिकको घर पाउने आशा थियो तर अहिले पनि ओत लाग्ने घर छैन । घर पाउन त परै जाओस् उनी अहिले पनि सामाजिकरुपमा तिस्कार खेपिरहेकी छन् । तराई मधेशमा सबैभन्दा तल्लो जातिका रुपमा रहेको डोम समुदायलाई अहिले पनि सामाजिकरुपमा विभेद गरिँदै आएको छ । मुलुकमा आएको परिवर्तन उनीहरुका लागि कागलाई बेल पाकेर हर्ष न विस्मात झैँ भएको छ । उनीहरु अहिले पनि सामाजिकरुपमा अपहेलित भएर जीवन जिउन बाध्य छन् । गणतन्त्र व्यवस्था आएपछि तराई मधेशको आमजीवनमा परिवर्तनले खासै लाभ दिनसकेको छैन । व्यवस्था फेरिए पनि अवस्था उस्तै भोगिरहेका छन् ।

# मधेशका २ लाख २८ हजार जनता विपद् जोखिममा

**दिपक कर्ण**
**जनकपुरधाम ।**
नेपालमा यस वर्ष मनसुन औसतभन्दा चाँडै भित्रिनसक्ने संकेत देखिन थालेका छन् । जल तथा मौसम विज्ञान विभागले गरेको पूर्वानुमानअनुसार यसवर्षको वर्षा औसतभन्दा बढी हुने सम्भावना बलियो बन्दै गएको छ ।



यस्तो अवस्थामा मनसुनजन्य प्राकृतिक विपद्, विशेष गरी बाढी, डुबान, कटान, पहिरो र संक्रामक रोगको जोखिम अत्यधिक रूपमा बढेको छ । यसको प्रत्यक्ष असर मधेश प्रदेशमा देखिनसक्ने खतरा प्रस्ट हुँदै गएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले हालै सार्वजनिक गरेको अध्ययन प्रतिवेदनले मधेश प्रदेशमा मात्रै २ लाख २८ हजार ६ सय ८७ जनता मनसुनजन्य विपद्बाट प्रभावित हुने प्रक्षेपण छ । यो संख्या देशभरका करिब २० लाख सम्भावित प्रभावितमध्ये ठूलो हिस्सा हो । मधेश लुम्बिनी प्रदेशपछि दोस्रो जोखिमयुक्त प्रदेशको रूपमा पहिचान गरिएको छ । मधेश प्रदेश भौगोलिक रूपमा अत्यन्तै समथर र तल्लो क्षेत्रमा पर्छ ।

यो भूभाग सिँचाइका दृष्टिकोणले उपयुक्त भए पनि हरेक वर्षको वर्षातमा भारतबाट आउने नदीको पानीले बाढी र डुबानको रूप लिन्छ । भारतसँगको खुला सिमाना, नदी नियन्त्रणको अभाव, शहर र बजार क्षेत्रमा अव्यवस्थित बसोबास, नालाको अतिक्रमण र जलनिकासी प्रणालीको जटिलताले गर्दा मधेशमा विपद्को जोखिम स्वाभाविकरूपमा अत्यधिक छ । बर्सेनि हुने बाढीले मधेशका हजारौँ घरधुरी विस्थापित बनाउने, सैयौँ बिघा कृषि जमिन कटान गर्ने, खाद्यान्न संकट निम्त्याउने, विद्यालय र स्वास्थ्य संस्था बन्द गराउनेजस्ता असर पुर्याउने गरेको तथ्यांक छन् । जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन औसतभन्दा अघि नै शुरु हुने र वर्षा पनि औसतभन्दा ३० प्रतिशत बढी हुनसक्ने प्रक्षेपण गरेको छ ।

जलवायु परिवर्तनको असरस्वरूप बदलिँदो मौसमी स्वरूपले नेपालका तराई भूभागमा बाढीजन्य विपद्को जोखिम बढाएको विज्ञहरूको ठम्याइ छ । मधेशका सिरहा, सर्लाही, रौतहट, महोत्तरी, बारा, पर्सा, धनुषा, सप्तरी बाढी र डुबानको उच्च जोखिममा छन् । वीरगंज, जनकपुरधाम, कलैया, गौर र राजविराजजस्ता शहर जलमग्न हुने सम्भावित क्षेत्रमा पर्छन् । गृह मन्त्रालयअन्तर्गतको विपद् व्यवस्थापन समितिको बैठकले हालै 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना २०८२' पारित गरेको छ ।

गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा सम्पन्न बैठकले केन्द्रीय रूपमा विभिन्न उपाय कार्यान्वयन गर्ने निर्णय गरिसकेको छ । बैठकले बाढीपूर्व सूचना प्रणालीमार्फत मोबाइल एसएमएस पठाउने, टेलिकम टावरमा वैकल्पिक प्रविधिको प्रयोग गरेर विपद्को बेला सूचना सञ्चार अवरुद्ध हुन नदिने, मधेश प्रदेशमा तत्काल उद्धार गर्न दुई हेलिकप्टर काठमाडौँमा तयारी अवस्थामा राख्ने र कम्पोजिट क्विक रियाक्सन टिम तैनाथ रहने निर्णय गरिसकिएको छ ।

यद्यपि केन्द्रस्तरबाट केही तयारी गरिए पनि मधेश प्रदेशका स्थानीय तहमा तयारीको स्तर निकै न्यून रहेको विज्ञहरू बताउँछन् ।

धेरैजसो पालिकाले अझैसम्म नाला सफाइ, अस्थायी बासस्थानको पहिचान, राहत सामग्रीको पूर्वसञ्चय, अस्पतालमा आकस्मिक सेवा प्रणाली सुदृढिकरणलगायतका कार्य शुरु गरेका छैनन् । वीरगंज महानगरपालिकाले हरेक वर्ष भीषण डुबान भोग्दै आएको छ । अहिले पनि नालामा प्लास्टिक, फोहोरले अवरोध हुने खतरा कायमै छ । जनकपुरधाम उपमहानगरपालिकाको कतिपय क्षेत्रमा पानी निकास हुने व्यवस्था नै छैन । कृषि क्षेत्र पनि अति संवेदनशील अवस्थामा छ । बाली नष्ट, बीउको अभाव, मल र पानी नपुग्ने अवस्थाले किसान समस्यामा पर्न सक्छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणले सार्वजनिक सचेतना र पूर्वतयारी अभियानलाई प्राथमिकता दिन सबै प्रदेश र स्थानीय तहलाई निर्देशन दिइसकेको छ । तर, नागरिकस्तरमा अझै पनि बाढी र डुबानबारे सचेतना अपर्याप्त रहेको देखिन्छ । सचेतना अभियानको अभावले गर्दा नागरिकले सुरक्षित स्थान र निकासी मार्गबारे जानकारी नपाउने, आपतकालीन सामग्री राख्ने अभ्यास नगर्ने तथा विपद्को बेला प्रशासनसँग समन्वय नगर्ने अवस्था आइपर्न सक्छ । नागरिकलाई पूर्वसूचना प्रणालीको उपयोग गर्न, बाढीको समयमा घरको सुरक्षित कागजात, औषधि, सुक्खा खाद्य सामग्री संकलन गरी सुरक्षित राख्न र पालिकाको आपतकालीन सम्पर्क नम्बर जानकारीमा राख्न विज्ञले आग्रह गरेका छन् ।

### आठै जिल्लाका सुरक्षा संयन्त्र सतर्क

यस वर्षको मनसुन औसतभन्दा चाँडै शुरु हुने र वर्षा पनि सामान्यभन्दा बढी हुने प्रक्षेपणसँगै मधेश प्रदेश सरकारले सम्भावित विपद्को जोखिम न्यूनीकरणका लागि तयारीमा तीव्रता दिएको जनाएको छ । प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले मधेशदृष्टिसँग कुराकानी गर्दै विपद्का सम्भावित असरलाई न्यूनीकरण गर्न प्रदेश सरकार सक्रिय रुपमा काम गरिरहेको बताए । मन्त्री लेखीका अनुसार प्रदेशका आठवटै जिल्लाका सुरक्षा संयन्त्रहरूलाई उच्च सतर्कता अपनाउन निर्देशन दिइसकिएको छ । उनले भने, 'हामीले सबै जिल्ला प्रशासन कार्यालयलाई एक साताअघि नै आधिकारिक रूपमा निर्देशन दिइसकेका छौँ । अहिले जिल्लामा नियमित रुपमा बैठक भइरहेका छन् । प्रत्येक सुरक्षा तथा प्रशासनिक अंग तयारी अवस्थामा छन् ।' प्रदेश सरकारको अगुवाइमा भइरहेको यस तयारीमा स्थानीय तह, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, रेडक्रस तथा विपद् व्यवस्थापन निकाय समावेश गरिएका छन् । मन्त्री लेखीले थपे, 'विपद्को जोखिम न्यूनीकरणका लागि मधेश प्रदेश सरकारले संघ सरकारसँग समेत समन्वय गरेर अगाडि बढ्ने नीति लिएको छ ।' उनका अनुसार मनसुनजन्य बाढी, डुबान र कटानजस्ता विपद्को सामना गर्न पूर्वतयारी अन्तर्गत नाला सफाइ, आश्रयस्थलको पहिचान, उद्धार उपकरणको तयारी, सचेतनामूलक अभियान र खाद्यान्न तथा औषधिको भण्डारण शुरु भइसकेको छ ।

प्रदेश सरकारले विपद्को बेला उद्धार र राहतमा त्वरित प्रतिक्रिया दिनसक्ने संयन्त्र बनाउनेतर्फ विशेष जोड दिएको छ । साथै, नागरिक तहमा पूर्वसचेतना फैलाउने र बाढी पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने योजना पनि कार्यान्वयनमा ल्याइने जानकारी गराइएको छ । मन्त्री लेखीले विपद् व्यवस्थापनका लागि मधेश प्रदेश सरकारले समयमै जिम्मेवारी बोध गरी पूर्वतयारीमा कुनै कसर बाँकी नराखेको दाबी गरे ।

# सिरहाका मेयरलाई कारबाही गर्न प्रशासनको ध्यानाकर्षण



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा नगरपालिकाका नगर प्रमुख नवीनकुमार यादवद्वारा पत्रकारप्रति दिइएको धम्कीपूर्ण अभिव्यक्तिप्रति नेपाल पत्रकार महासंघ सिरहा शाखाले आपत्ति जनाएको छ । महासंघले प्रमुख जिल्ला अधिकारीमार्फत नगरप्रमुख यादवमाथि कानुनी कारबाहीको माग गर्दै औपचारिक ध्यानाकर्षण पत्र बुझाएको छ । पत्रकार महासंघका अनुसार नगरप्रमुख यादवले सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक रूपमा भिडियो सन्देश जारी गर्दै आफूविरुद्ध समाचार लेख्ने पत्रकारहरूले 'भयानक परिणाम भोग्नुपर्ने' र 'भारी दण्ड जरिवाना तिर्नुपर्ने' चेतावनी दिएका छन् । महासंघले यसलाई प्रेस स्वतन्त्रतामाथिको ठाडो आक्रमण र असहिष्णु चरित्रको परिचायकको रूपमा व्याख्या गरेको छ । पत्रकार महासंघ सिरहा शाखाका सचिव मुकेश कुमार यादवले प्रमुख जिल्ला अधिकारीलाई बुझाएको पत्रमा भनेका छन्, 'यस्तो अभिव्यक्ति प्रेस तथा प्रकाशन ऐन, २०४८, मुलुकी फौजदारी संहिता, २०७४ तथा नेपालको संविधानद्वारा स्थापित अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक मूल्य–मान्यताको घोर उल्लङ्घन हो ।' महासंघले नगरप्रमुख यादवको अभिव्यक्तिलाई केवल व्यक्तिगत असन्तुष्टि मात्र नभई सिंगो पत्रकार समुदायप्रति घृणास्पद दृष्टिकोणको प्रतिबिम्ब बताउँदै चेतावनीपूर्ण भाषा र रवैयाको तुरुन्त अन्त्य हुनुपर्नेमा जोड दिएको छ । महासंघले यस्तो गैरजिम्मेवार अभिव्यक्तिले स्वतन्त्र पत्रकारिताको वातावरणलाई धरापमा पार्ने र जनताको सूचनाको अधिकारमाथि हस्तक्षेप गर्ने खतरा निम्त्याउने ठहर गरेको छ । पत्रकार महासंघले जिल्ला प्रशासन कार्यालयलाई आग्रह गर्दै भनेको छ, 'नगरप्रमुख यादवजस्ता जिम्मेवार पदमा बसेका व्यक्तिबाट यस्तो भाषा र व्यवहार सह्य हुन सक्दैन । त्यसैले उहाँमाथि तत्काल कानुनी प्रक्रिया अघि बढाई संविधान र प्रचलित कानूनअनुसार कारबाही होस् ।' यदि प्रशासनले यस विषयलाई गम्भीरतापूर्वक नलिए पत्रकार समुदायले संघर्षको बाटो रोज्न बाध्य हुने चेतावनीसमेत दिइएको छ ।

# निर्माण कार्यमा अवरोध गर्नु निन्दनीयः वडाध्यक्ष साह

**राकेश यादव**
**रौतहट ।**
रौतहट जिल्लाको गौर नगरपालिका वडा नम्बर–८ का वडा अध्यक्ष जनार्दन साहले विकास निर्माणको कार्यमा सघाउनुको साट्टो अवरोध सृजना गर्ने कार्य बढी भइरहेको बताएका छन् ।



मधेश प्रदेश सरकाको भौतिक पूर्वाधार विकास मन्त्रालको आर्थिक सहयोमा गौर बसपार्कदेखि पुरेनबा गाउँमा जाने बाटो निर्माणमा भएको अनाधिकृत अवरोधको बारेमा सञ्चारकर्मीसंग कुरा गर्दै वडा अध्यक्ष साहले निर्माण कार्यमा गरिएको अवरोधप्रति दुःखेसो पोखे ।
गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहप्रति लक्षित गर्दै नगरपालिकाबाट वडामा विकास निर्माणको लागि बजेटमा कटौती गर्ने र बाहिरबाट बजेट ल्याउँदा त्यसमा पनि बिनाकारण निहु खोज्ने गरेको टिप्पणी गरे । वडा अध्यक्ष साहले भने, 'आम नागरिकलाई सहज हुने उदेश्यले अलपत्र अवस्थामा रहेको बाटो निर्माण गर्न लागिएकोमा त्यसमा पनि अवरोध सृजना गर्ने कार्य नगर प्रमुखको प्रत्यक्ष इशारामा भएको हो ।'
'बसपार्कबाट सिधै पुरेनबा आँखा अस्पतालमा जान सकिनेछ । लामो दुरी प्रयोग गरि जानु पर्ने बाध्यता बाटो निर्माण भएपछि हट्ने छ, 'उनले भने, 'बसपार्कबाट कम समयमा पुरेनबा गाउँमा पुग्न सकिन्छ ।' ३५ लाखको लागतमा उपभोक्ता समितिद्वारा निर्माण भइरहेको सडकले वर्षाको पानी तथा बाढीको पानीको निकास बन्द हुने भन्दै गौर नगरपालिका वडा नम्बर–१ निवासी दिलिप जैसवालले रौतहट जिल्ला अदालतमा निषेधाज्ञा मुद्दा दिएकोमा जिल्ला अदालतबाट जेठ १३ गते अन्तरिम आदेश खारेज भई निर्माण कार्यलाई निरन्तरता प्रदान गरेको जानकारी दिए । पानी निकासको लागि कोजबे निर्माण भइरहेको भन्दै वडा अध्यक्ष साहले बरहवा तालमा निर्माण गरिएको वालले पानी निकास थुनिएको बताए । उपभोक्ता समितिका अध्यक्ष राम नारायण साहले सडक निर्माणले आम उपभोक्ता हर्षित रहेको दावी गरे । उनले बर्षौदेखि प्रयोगबिहिन रहेको बाटो संचालनमा आउन लागेकोले आम नागरिक खुशी रहेको बताए ।

# बलात्कारको अभियोगमा दुई जना पक्राउ

**वीरगंज ।**
बलात्कारको अभियोगमा पर्साका दुई जना पक्राउ परेका छन् । जगरनाथपुर गाउँपालिका–६ सङ्ठीका २३ वर्षीय विशाल यादवलाई किशोरी बलात्कारको अभियोगमा पक्राउ गरिएको हो । पर्सा प्रहरीका सूचना अधिकारी किशोर लम्सालका अनुसार भारतीय नागरिक मनिष पासवानलाई पनि यस्तै अभियोगमा पक्राउ गरिएको छ । अभियुक्त पासवानले किशोरीलाई प्रलोभनमा पारेर भारतमा लगी पटकपटक करणी गरेका थिए । पीडितका तर्फबाट प्राप्त जाहेरीका आधारमा अभियोग लागेका यादव र पासवानलाई करणीसम्बन्धी कसुरमा जिल्ला अदालतबाट थुनामा राख्ने अनुमति लिएर अनुसन्धान भइरहेको सूचना अधिकारी लम्सालले जानकारी दिए । रासस

# अवैध नगदसहित भारतबाट आएका व्यक्ति नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतबाट नेपालतर्फ भित्रिएको मोटरसाइकलमा अवैध रूपमा लुकाइ छिपाइ ल्याइएको ६ लाख रुपैयाँ नगदसहित एक व्यक्तिलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।



बरामद गरिएको नगद, मोटरसाइकल र संलग्न व्यक्तिलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको छ । सशस्त्र प्रहरी बल नेपाल, प्राविधिक सुरक्षा गुल्म वीरगंजबाट खटिएको चेकजाँच टोलीले वीरगंज महानगरपालिका–१६ स्थित त्रिभुवन राजपथ सडकखण्डको वीरगंजतर्फ जाने मार्गमा नियमित चेकजाँचको क्रममा नगद बरामद गरेको हो । सशस्त्र प्रहरीले दिएको जानकारी अनुसार बुधबार बिहान चेकजाँच गर्दै गर्दा भारतबाट नेपाल प्रवेश गर्दै गरेको प्रदेश २–०३–००४ प ५६६४ नम्बरको मोटरसाइकलमा सवार एक व्यक्तिलाई शंकास्पद देखिएपछि रोकेर खानतलासी लिइएको थियो । खानतलासीका क्रममा मोटरसाइकलमा सवार बाराको विश्रामपुर गाउँपालिका–३ बरैनियाका अन्दाजी ४० वर्षीय पुरुषको शरीर तथा जुत्तामा लुकाइ राखिएको नेपाली नगद ८ लाख रुपैयाँ फेला परेको थियो । सो नगद रकमको वैध स्रोत खुलाउन नसकेपछि उनलाई नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी देबेन्द्र बहादुर सिंहले जानकारी दिए । मोटरसाइकल, रकम र व्यक्ति सबैलाई भन्सार कार्यालय वीरगंजमा बुझाइएको र त्यहाँबाट आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइने जानकारी अधिकारीले दिएका छन् ।

# प्रहरी सक्रियता बढेपछि लागुऔषध कारोबारीले भरिए हिरासत

**झापा ।**
इलाका प्रहरी कार्यालय काँकरभिट्टामा चार महिलासहित ४० जना थुनुवा छन् । तीमध्ये लागुऔषध मुद्दाका ३५ जना छन् । प्रहरी सक्रियता बढेपछि लागुऔषध कारोबारीले हिरासत भरिन थालेका हुन् ।
इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजकुमार कार्कीले प्रहरीले सीमानाकामा निगरानी बढाएसँगै लागुऔषध कारोबारीको सङ्ख्या बढ्दै गएको जानकारी दिए । यस कार्यालयका इञ्चार्ज प्रहरी नायब उपरीक्षक राजन लामा छन । योसँगै इलाका प्रहरी कार्यालय दमक 'क' श्रेणीका प्रहरी कार्यालय हुन् ।
प्रहरी कार्यालय दमकको नेतृत्वमा प्रहरी नायब उपरीक्षक रामप्रसाद तिमल्सिना छन। यसमा एक महिलासहित २३ जना थुनुवा छन् । तीमध्ये लागुऔषध मुद्दाका १४ जना थुनुवा रहेका जनाइएको छ । प्रहरी सक्रियताका कारण यो प्रहरी कार्यालयले पनि दैनिकजसो लागुऔषध प्रयोगकर्तालाई पक्राउ गरी मुद्दा दर्ता गर्दै आएको छ ।
इलाका प्रहरी कार्यालय, अनारमनीको नेतृत्व प्रहरी नायब उपरीक्षक विजय श्रेष्ठले सम्हालेक छन। यहाँ पाँच महिलासहित ३० जना थुनुवा रहेकामा लागुऔषधसम्बन्धी २२ वटा मुद्दा दर्ता भएका कार्यालयका प्रनाउ श्रेष्ठले जानकारी दिए । जिल्ला प्रहरी कार्यालयमा दुई महिलासहित ४२ जना थुनुवा छन् । त्यसमध्ये २२ वटा मुद्दा लागुऔषधसम्बन्धी रहेका प्रहरीले जनाएको छ ।
जिल्ला प्रहरी कार्यालयसहित अन्य तीनवटा इलाका कार्यालयमा प्रहरी नायब उपरीक्षकको नेतृत्वमा दर्ता भएका मुद्दामध्ये अधिकांश लागुऔषधका छन् । प्रहरीले दिनहुँजसो लागुऔषध कारोबारीलाई पक्राउ गर्दै मुद्दा दर्ता गरेकाले यो सङ्ख्या दिनहुँ बढ्दै गएको हो ।
झापा लागुऔषध प्रयोगकर्ता र कारोबारको 'हव'बन्दै गएपछि त्यसलाई नियन्त्रण गर्न जिल्ला प्रहरी कार्यालयले सक्रियता बढाएको छ । कार्यलयका प्रहरी उपरीक्षक राजन लिम्बूले लागुऔषध दुव्र्यसन रोक्न 'एक्सन' लिएसँगै झापाका हिरासत कक्ष अहिले लागुऔषध कारोबारीले भरिभराउ भएका बताए । उनका अनुसार २४ विदेशीसहित चार सय ११ जना लागुऔषध मुद्दाका कारोबारी प्रहरी नियन्त्रणमा छन् ।
पक्राउ परेकामाथि लागुऔषधसम्बन्धी मुद्दा दर्ता गर्दै कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिए । जिल्ला प्रहरी कार्यालयमा दुई सय ७१ वटा मुद्दा दर्ता हुँदा चार सय ११ जना पक्राउ परेका जनाउँदै दुई जना सङ्झै फरार रहेका उनले बताए । प्रहरीले यो अवधिमा एक हजार ६४९ किलो गाँजासहित चरेस तथा ब्राउन सुगरसहित अन्य लागुऔषध बरामद गरेको छ । रासस

# सर्लाहीका पत्रकार खत्री 'सामुदायिक रेडियो पत्रकारिता पुरस्कारबाट पुरस्कृत

**राजिव साह**
**सर्लाही**
उज्यालो अभियान दैनिकका समाचार प्रमुख जनार्जन खत्री 'सामुदायिक रेडियो पत्रकारिता पुरस्कार–२०८२' बाट पुरस्कृत भएका छन् ।



सामुदायिक रेडियो एकता, लालबन्दीका समाचार वाचक समेत रहेका खत्रीलाई सामुदायिक रेडियो प्रशारक संघ (अकोराब) नेपालद्वारा सञ्चालित सामुदायिक सूचना नेटवर्क (सीआईएन) को १७औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा सम्मान गरिएको हो ।
खत्रीलाई सीआईएनमार्फत सामुदायिक पत्रकारितामा सक्रिय रहँदै समाज परिवर्तनमा पु¥याएको योगदानको कदर गर्दै प्रमाण–पत्रसहित नगद १५ हजार रुपैयाँ प्रदान गरिएको हो । उक्त सम्मान सर्लाही क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य रामप्रकाश चौधरी, अकोराब अध्यक्ष अर्जुन गिरी, पूर्व अध्यक्ष सुवास खतिवडा तथा संघीय संसद सचिवालयका पूर्व सचिव मुकुन्द शर्माले प्रदान गरेका थिए ।
कार्यक्रममा गोरखापत्रकर्मी खत्रीसँगै सामुदायिक रेडियो शैलुङ दोलखाकी बुना घिमिरे र सीआईएनकी उषा तामाङ पनि सम्मानित भएका छन्।

# जन्मदिनको अवसरमा जेहेन्दार बालबालिकालाई शैक्षिक सामग्री वितरण

आरके श्रीवास्तव,गरूडा
चमार कल्याण समाज नेपाल राष्ट्रिय समन्वय परिषद्, साउदी अरबका महासचिव राम बलिराम महराको जन्मदिनको अवसरमा गरिब तथा जेहेन्दार दलित बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण गरिएको छ ।



सर्लाही जिल्लाका रामनगर गाउँपालिका–१, धुर्वा टोल निवासी महरा हाल साउदी अरबमा वैदेशिक रोजगारीमा छन् । उनको जन्मदिनको अवसर पारेर रौतहटको कटहरिया नगरपालिका–५ स्थित दलित धर्मशालामा आयोजित विशेष कार्यक्रममा दलित समुदायका छात्र–छात्रालाई कापी, पेन्सिल लगायत शैक्षिक सामग्री वितरण गरिएको हो । कार्यक्रम चमार कल्याण समाज नेपाल रौतहटका अध्यक्ष धर्मेन्द्र रामको अध्यक्षतामा सम्पन्न भएको छ । उद्घोषकको भूमिकामा नीलम कुमारी रामले कार्यक्रम सञ्चालन गरेकी थिइन् ।
कार्यक्रममा चमार कल्याण समाज नेपालका वरिष्ठ उपाध्यक्ष पुनित राम प्रमुख अतिथिका रूपमा, विशिष्ट अतिथिका रूपमा दिपनारायण राम तथा मलेसिया शाखाका संयोजक नन्दलाल राम, किशोरी दास, निर्मल दास लगायतको उपस्थिति रहेको थियो । साथै, विभिन्न सञ्चारकर्मीहरूको समेत कार्यक्रममा सहभागिता रहेको थियो ।
सामाजिक उत्तरदायित्व अन्तर्गत आयोजित उक्त कार्यक्रममा उपस्थित अतिथिहरूले दलित समुदायका बालबालिकाको शिक्षा र सशक्तीकरणका लागि यस्ता कार्यक्रमको महत्वपूर्ण भूमिका रहेको बताएका थिए ।


**Janakpurdham Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Janakpurdham, Dhanusha**
**Madhesh Province, Nepal**

**Invitation for Electronic Bids**

Date of First publication: 2082-02-14 (28th May, 2025 )

Janakpurdham Sub-Metropolitan City has allocated funds for Construction of below Mentioned Works. Only electronic bids are accepted. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Including VAT | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|---|
| 28/2081/82/SQ/WORKS | Installation of Hand Pipe With Platform at Different Wards in Janakpurdham | 18,25,369.99 | 50,000.00 | 2082-02-29, 12:00hrs | 1000.00 |

- Chief Administrative Officer

# पिपललाई मधेश प्रदेशको राजकीय वृक्ष घोषणा गर्न माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जैविक विविधता, वातावरणीय सन्तुलन र धार्मिक आस्थाको प्रतीकका रूपमा चिनिएको पिपल वृक्षलाई मधेश प्रदेशको राजकीय वृक्ष घोषणा गर्नुपर्ने माग उठेको छ । मधेश प्रदेशसभा सदस्य तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता रामअशिष यादवले पिपलको वैज्ञानिक, सांस्कृतिक र धार्मिक महत्वलाई औंल्याउँदै यसलाई 'देव वृक्ष' को मान्यता दिनु उपयुक्त हुने बताएका छन् । जनकपुरधाममा सम्पन्न 'प्रादेशिक वृक्ष घोषणा सिफारिस अन्तरक्रिया गोष्ठी' मा बोल्दै यादवले पिपल वृक्ष प्रदेशको पर्यावरणीय पहिचान बन्न सक्ने धारणा राखे । उनले भने, 'पिपल धार्मिक मात्र नभई पर्यावरणीय दृष्टिले पनि अत्यन्तै महत्त्वपूर्ण छ । यसले कार्बन शोषण, छायाँ प्रवाह, औषधीय प्रयोग र जैविक विविधता संरक्षणमा विशिष्ट भूमिका खेल्छ ।'

यादवले चुरे क्षेत्रको संरक्षणप्रति राज्य गम्भीर नभएको भन्दै आलोचना पनि गरे । उनका अनुसार चुरे क्षेत्रमा अव्यवस्थित बसोबास, पूर्वाधार निर्माण र लालपुर्जा वितरणले संवेदनशील पर्यावरणीय भूभागमा गम्भीर असर पारेको छ । 'चुरे जोगाउन कुनै ठोस योजना छैन । तर, विनाश गर्न राज्य अग्रसर देखिन्छ,' उनले कटाक्ष गरे। कार्यक्रमको आयोजना प्रदेश वन निर्देशनालय मधेश प्रदेशले गरेको थियो । कार्यक्रममा नवनियुक्त वन तथा वातावरण मन्त्री संजय कुमार यादव प्रमुख अतिथि थिए भने निर्देशनालयका निर्देशक जगरनाथ जयसवालले अध्यक्षता गरेका थिए । गोष्ठीमा सहभागी वक्ताहरूले पिपलको ऐतिहासिक, धार्मिक र वैज्ञानिक पक्षहरूलाई उजागर गर्दै यसलाई राजकीय वृक्ष घोषणा गर्न सकस गर्ने सिफारिस गरे । प्राकृतिक स्रोत तथा वातावरण समितिकी सभापति शारदा दास पहाडी, नेकपा (एकीकृत समाजवादी) का प्रमुख सचेतक कनिश पटेल, वरिष्ठ वन विज्ञ डा. गणेश राय, वन प्राविधिक समाजका संस्थापक अध्यक्ष रामस्वार्थ साह लगायतले पिपलको संरक्षणलाई पर्यावरणीय संकटको समाधानतर्फको एक कदमका रूपमा व्याख्या गरे । वातावरण अभियन्ता सुरेश शर्माले कार्यक्रमको संयोजन र सञ्चालन गर्दै पिपलको बहुआयामिक महत्वबारे प्रस्तुति दिएका थिए । उनले पिपलको धार्मिक मान्यता, औषधीय गुण, छायाँदारी प्रकृति र कार्बन शोषण क्षमताको उल्लेख गर्दै जनजीवनसँग यसको गहिरो सम्बन्ध रहेको बताए ।

# सवारी साधन तेर्स्याएर मजदुरहरु सडकमा

**मधेशदृष्टि**
**सप्तरी ।**
राजविराजको मुख्य बजार क्षेत्रमा रहेको रुपनी बस स्टेण्ड क्षेत्रको जिर्ण सडक निर्माणको माग गर्दै यातायात मजदुहरु आन्दोलित भएका छन् । जिर्ण सडकको मरमर सम्भार तथा स्तरोन्नतिको पटक पटक माग राख्दा पनि सम्बन्धित निकायले चासो नदेखाएको भन्दै मजदुरहरु आन्दोलित भएका हुन् । यसैक्रममा बुधबार उक्त सडक खण्डको बीच सडकमै आ–आफ्नो अटो र सिटि रिक्सा तेर्स्याएर यातायात मजदुरहरुले चक्काजाम गर्दै टायर बालेर प्रदर्शन
गरेका छन् । चक्का जामका कारण दुवैतर्फका गरि सयौं सवारी साधन रोकिएर यात्रीहरुको
सास्ती भएको थियो । उक्त सडक खण्डमा दर्जनौं ठाउँमा परेका खाल्डाले साना ठूला सवारी
साधन आवत जावतमा सकस हुने गरेको छ । खाल्डोकै कारण बुधबार विहान ७ बजे तिर चटपटे बेचेर गुजारा चलाउँदै गरेका राजविराज–८ निवासी सदानन्द भगतको ठेला सडकमै पल्टिएर त्यसमा रहेका सामग्रीहरु नष्ट भएपछि यातायात मजदुरहरु झनै आक्रोशित भए ।
सडकको दर्जनौं ठाउँमा खाल्डा परेका कारण दिनहुँजसो सवारी दुर्घटना हुने गरेको भन्दै यातायात मजदुरले उक्त जिर्ण सडकको स्तरोन्नति हनुपर्ने एक सुत्रिय माग अघि सारेका छन् । सडक अति जिर्ण भएकाले उक्त मार्गबाट आपतकालिन



अवस्थामा रहेका विरामीलाई अस्पताल पुर्याउन पनि समस्या हुने गरेको यातायात मजदुरहरुको भनाई छ । धरै ठाउँमा खाल्डाखुल्डी भएकाले गाडी धेरै हल्लिने र यसले विरामी तथा अन्य यात्रुलाई समेत असहज हुने गरेको मधेश टे«ड युनियन नेपाल सप्तरीका अध्यक्ष संजय साहको भनाई छ ।
विहानैदेखि यातायात मजदुरले चक्काजाम गरेको खवर पाएपछि पुगेकी राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीन तथा सुरक्षा निकायका प्रमुखहरुको टोलीले सडक स्तरोन्नति कार्यको जिम्मा पाएका निर्माण व्यवसायीहरुलाई झिकाई अविलम्ब निर्माण कार्य शुरु गर्न लगाउने र तत्काल उक्त कार्य सुचारु नगरे कारवाही गर्ने प्रतिवद्धता जनाएपछि ४ घण्टापश्चात् आवागमन सुचारु भएको थियो ।

# मारवाडी युवा मञ्चद्वारा एकल विद्यालयमा शैक्षिक र खेलकुद सामग्री वितरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
समाजसेवामा सक्रिय जनकपुरको मारवाडी युवा मञ्चले विपन्न र निम्नवर्गीय विद्यार्थीहरूको शिक्षामा टेवा पुर्याउने उद्देश्यले धनुषाको एक विद्यालयमा शैक्षिक र खेलकुद सामग्री वितरण गरेको छ । मञ्चले बुधबार मुखियापटी मुसहरनिया गाउँपालिकाको खतवैयास्थित एकल विद्यालयमा अध्ययनरत २५ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको हो । विद्यार्थीहरूलाई काँपी, किताब राख्न झोला, पेन्सिललगायत अध्ययनमा आवश्यक सामग्री प्रदान गरिएको हो । साथै, खेलकुदको महत्वलाई बुझ्दै बालबालिकाको सर्वांगीण विकासका लागि केही खेलकुद सामग्री पनि वितरण गरिएको छ ।

मारवाडी युवा मञ्च अध्यक्ष राहुल सिंहानियाका अनुसार उक्त विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थी अत्यन्तै विपन्न पृष्ठभूमिका हुन् । उनीहरूलाई अध्ययन सामग्री जुटाउन पनि कठिन हुने गरेको छ । 'यी सामग्रीले उनीहरूलाई पढाइमा थप सहजता ल्याउनेछ भन्ने हामीलाई विश्वास छ,' उनले भने । विद्यालय व्यवस्थापन समितिका सदस्य, शिक्षक तथा स्थानीय अभिभावकहरूले मञ्चको यो पहलको खुलेर प्रशंसा गरेका छन् ।
उनीहरूका अनुसार यस प्रकारका सहयोगले विद्यार्थीमा आत्मविश्वास बढाउनुका साथै नियमित विद्यालय आउने प्रेरणा मिल्नेछ । शिक्षकहरूले मारवाडी युवा मञ्चप्रति आभार व्यक्त गर्दै यस्ता सामाजिक उत्तरदायित्वमा संलग्न संघसंस्थाको भूमिका अत्यन्त सराहनीय भएको बताए । मञ्चले आगामी दिनमा पनि यस प्रकारका सामाजिक कार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

# विद्यालयमा भएको हातपातप्रति शिक्षक महासंघ र निजी विद्यालय संगठनको आक्रोश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको भानुचोकस्थित एक निजी विद्यालयमा कार्यरत कर्मचारीमाथि भएको शारीरिक आक्रमणको घटनाप्रति आक्रोश व्यक्ति गरिएको छ । अज्ञात समूहद्वारा गरिएको आक्रमणको विरोधमा निजी विद्यालयका संगठनहरू तथा नेपाल शिक्षक महासंघ धनुषाले संयुक्त रूपमा कडा प्रतिक्रिया जनाएका छन् । मंगलबार अपराह्न साढे ३ बजे जनकपुरधामको व्यस्त क्षेत्र भानुचोकमा अवस्थित मिथिला मोंटेसरी विद्यालयमा अन्दाजी १५–२० जनाको अज्ञात समूह प्रवेश गरी कर्मचारीमाथि हातपात गर्नुका साथै बालबालिकालाई समेत त्रसित बनाउने गरी आतङ्क सिर्जना गरेका थिए ।
निजी विद्यालय संगठनहरू प्याब्सन, एनप्याब्सन र हिसानले संयुक्त विज्ञप्ति जारी गर्दै घटनाको कडा निन्दा गरेका छन् । उनीहरूले दोषीहरूको पहिचान गरी अविलम्ब कानूनी कारबाही गर्न प्रशासनसँग माग गरेका छन् । विज्ञप्तिमा भनिएको छ, 'जनकपुरधामलाई शैक्षिक हबको रूपमा विकास गर्ने सरकारको उद्देश्यलाई यस्ता घटनाले ठेस पुर्याउँछ र शैक्षिक वातावरणमै गम्भीर अवरोध सिर्जना गर्छ ।' विद्यालयमा आक्रमण हुनु भनेको केवल भौतिक क्षति मात्र नभई शैक्षिक स्वतन्त्रता र सुरक्षामाथि प्रत्यक्ष हमला भएको संगठनहरूको ठहर छ । उनीहरूले शिक्षा संस्थाहरूलाई सुरक्षित बनाउनु राज्यको प्रमुख दायित्व भएको स्मरण गराउँदै सुरक्षाको प्रत्याभूति माग गरेका छन् । घटनाप्रति नेपाल शिक्षक महासंघ धनुषाले पनि गम्भीर आपत्ति जनाउँदै तत्काल कारबाहीको माग गरेका छन् । महासंघका सचिव (अर्थ) रामानन्द यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'सामुदायिक तथा निजी शिक्षामा संलग्न शिक्षक तथा कर्मचारीहरूमाथि हुने कुनै पनि किसिमको दुव्र्यवहार र आक्रमणलाई महासंघ चुप लागेर बस्दैन ।' शैक्षिक संगठनहरूले प्रशासनसँग घटनाको निष्पक्ष छानबिन, दोषीको पहिचान र कानूनी प्रक्रिया अघि बढाउन आग्रह गरेका छन् । यदि यस्ता घटनामा राजनीतिक दबाब वा उदासीनता देखियो भने मधेशको शैक्षिक भविष्य अन्धकारमय हुने चेतावनी पनि विज्ञप्तिमा दिइएको छ ।

# दलित महिलाका मुद्दा आगामी बजेटमा समेटिनुपर्ने माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
दलित महिला संघ धनुषाको आयोजनामा जनकपुरधाममा सम्पन्न प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा दलित र दलित महिलाका सवालहरुलाई प्राथमिकताका साथ समावेश गर्नुपर्ने माग गरिएको छ । मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा सहभागी वक्ताहरूले प्रदेश सरकारको नीतिगत योजनामा दलित समुदायको मुद्दा पर्याप्त रुपमा नसमेटिँदा उनीहरू अझै पनि सेवा, सुविधा र अवसरबाट पछि पारिएको गुनासो गरे । कार्यक्रममा बोल्दै मन्त्री जयसवालले भने, 'समावेशिता र सामाजिक न्याय मधेश प्रदेश सरकारको मूल मर्म हो । दलित समुदाय, विशेषगरी महिलाहरूको सशक्तिकरण बिना समावेशी विकास सम्भव छैन । आगामी बजेटमा दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगार र सशक्तिकरणका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गर्न म मन्त्रालयस्तरबाट पहल गर्नेछु ।'
जयसवालले सामाजिक संरचनामा परिवर्तन ल्याउन नीति निर्माणसँगै कार्यान्वयन प्रभावकारी हुनुपर्ने बताउँदै भने, 'दलित महिलाको आवाज योजनामा सुन्ने र बजेटमा देख्ने बेला अब आएको छ ।' अन्तरक्रिया कार्यक्रममा सहभागी जिल्ला समन्वय समितिका अध्यक्ष राजनन्दन मण्डल, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहलगायतले प्रदेश सरकारले हालसम्म ल्याएका कार्यक्रमको समीक्षा गर्दै अझ बढी प्रभावकारी र लक्षित कार्यक्रम ल्याउन सुझाव दिए ।
उनीहरूले नीति निर्माण प्रक्रियामा दलित समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नुपर्ने धारणा राखे । कार्यक्रममा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका प्रतिनिधिहरूले जिल्लास्तरका समस्याहरू उजागर गर्दै क्षेत्रगत असमानता र पहुँच अभावको मुद्दा उठाएका थिए ।

# विभेदकारी ऐन खारेज नभए आन्दोलनमा जाने हेल्थ असिस्टेन्टहरूको चेतावनी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा स्वास्थ्य सेवा समायोजनसम्बन्धी ऐनप्रति असन्तुष्टि जनउँदै हेल्थ असिस्टेन्टहरू आन्दोलनको तयारीमा उत्रिएका छन् । हालै पारित 'स्वास्थ्य सेवा समायोजन सम्बन्धी स्थानीय सेवा (गठन, सञ्चालन) ऐन २०८१' लाई विभेदकारी, अन्यायपूर्ण र अव्यवहारिक भन्दै उनीहरूले तत्काल संशोधनको माग गरेका हुन् । हेल्थ असिस्टेन्ट संघ नेपाल मधेश प्रदेशका संयोजक धीरेन्द्रकुमार यादवले सरकारले माग सम्बोधन नगरे चरम आन्दोलनमा उत्रिनुपर्ने चेतावनी दिए । उनका अनुसार ऐनले स्वास्थ्यकर्मीहरूको तह निर्धारणमा असमानता सिर्जना गरी वरिष्ठ कर्मचारीलाई कनिष्ठ बनाउने र कनिष्ठलाई वरिष्ठ बनाउने खालको 'उल्टो अभ्यास' थोपारेको छ । संघले हाल जारी अध्यादेशलाई 'चोरबाटो समायोजन'को माध्यम बनाएर विशेष समुदाय र पदाधिकारीहरूलाई लाभ पुग्ने खालको प्रावधान राखिएको भन्दै विरोध जनाएको छ । यादवले भने, 'यो ऐनअनुसार, अहेबलाई कुनै थप शैक्षिक योग्यता विना नै सातौं तहमा पुर्याएर हेल्थ असिस्टेन्टहरूको भन्दा उच्च स्थान दिइँदैछ । यो एकदमै अन्यायपूर्ण हो ।' उनले स्वास्थ्य सेवाको चेन अफ कमाण्ड नै यसरी ध्वस्त पार्ने कार्यले अस्पताल र स्वास्थ्य संस्थाहरूमा गम्भीर प्रशासनिक र प्राविधिक समस्या सिर्जना गर्ने बताए । स्वास्थ्य सेवामा चौथो तहमा प्रवेशका लागि कम्तीमा १५ महिनाको अहेब÷सीएमए कोर्ष र पाँचौं तहका लागि तीन वर्षे डिप्लोमा आवश्यक हुन्छ । तर, समायोजनमा शैक्षिक योग्यता र तालिमको स्तरलाई बेवास्ता गरिएको भन्दै संघले आक्रोश व्यक्त गरेको छ । 'देशभरका ८ हजार समायोजित स्वास्थ्यकर्मीमध्ये ४–५ सयलाई मात्र लाभ हुने प्रावधान कुनै पनि प्रदेशमा छैन । यस्तो विवादास्पद संरचना मधेश प्रदेशमा मात्र ल्याउनु आश्चर्यजनक छ,' संयोजक यादवले भने । यसअघि २०८१ मंसिर १६ गते सरकारसँगको संवादका आधारमा आन्दोलन स्थगन गरिएको थियो । मन्त्रीपरिषद्ले गठन गरेको चार सदस्यीय समिति प्रतिवेदनमाथि संवाद जारी रहँदा सरकार फेरि अर्को समिति बनाउँदै पुराना सल्लाहको उपेक्षा गरिरहेको आरोप संघले लगाएको छ । त्यस्तै, यादवले प्रदेश सरकारका मन्त्री र कर्मचारीहरू समेत ऐनको वर्तमान स्वरूपप्रति सन्तुष्ट नरहेको उल्लेख गरे । 'मुख्यमन्त्री स्वयंले स्वास्थ्यकर्मीहरूको आवाज नहेरेको र ऐनको विरोध हुँदाहुँदै त्यसलाई अघि बढाएको देख्दा हामी स्तब्ध छौं,' उनले भने । संघले अन्तिम पटक सरकारले गम्भीरता नदेखाए प्रदेशभरका अस्पताल, स्वास्थ्य चौकी र सेवा केन्द्रहरूमा कार्य बहिस्कार गर्दै अनिश्चितकालीन आन्दोलन शुरु गर्ने जनाएको छ । यसले प्रदेशको सार्वजनिक स्वास्थ्य प्रणालीमा गम्भीर असर पर्न सक्ने चेतावनी पनि संघले दिएको छ ।

# वन अतिक्रमण र काठ तस्करीविरुद्ध वन कार्यालयको सशक्त अभियान

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लामा वन अतिक्रमण र काठ तस्करीविरुद्ध डिभिजन वन कार्यालयले सशक्त र संगठित अभियान थालेको छ । डिभिजन वन कार्यालयका प्रमुख हेमन्त प्रसाद साहको नेतृत्वमा वन क्षेत्रको संरक्षण र कानुनी कार्यान्वयनमा व्यापक सक्रियता देखिएको छ । चोरी तस्करी नियन्त्रणदेखि अतिक्रमित जग्गा खाली गराउनेसम्मका अभियानहरू निरन्तरता पाएका छन् । मंगलबार वृन्दावन नगरपालिका–१ स्थित भोटे टोलमा डिभिजन वन कार्यालय, वृन्दावन सव–डिभिजन वन कार्यालय बलरी र चेतनगर वन पोष्टका कर्मचारी तथा सशस्त्र वन रक्षकको संयुक्त टोलीले वन अतिक्रमण हटाउने अभियान सञ्चालन गरेको थियो । सव–डिभिजन वन अधिकृत ललन राउत कुर्मीको नेतृत्वमा सञ्चालन गरिएको अभियानमा करिव १ विगाहा वन क्षेत्र अतिक्रमण गरी स्थानीयहरूले लगाएको अदुवा, बेसार, केरा र तरकारी खेती नष्ट गरिएको र अवैध रूपमा निर्माण गरिएका घरटहरा भत्काइएको डिभिजन प्रमुख साहले जानकारी दिए । चालु आर्थिक वर्षको साउनदेखि बैशाख मसान्तसम्मको अवधिमा डिभिजन वन कार्यालयले ५२६ क्युफिट अवैध काठ बरामद गरेको छ । त्यसको बजार मूल्य २० लाख रुपैयाँभन्दा बढी रहेको जनाइएको छ । काठ तस्करीमा प्रयोग गरिएका ट्रक, ट्याक्टर, पिकअप, साइकल र मोटरसाइकलसहित २६ वटा सवारी साधन पनि बरामद गरिएको छ । सोही अवधिमा चोरी तस्करीमा संलग्न २६ जना तस्कर पक्राउ परेका छन् । उनीहरूबाट जरिवाना तथा धरौटी स्वरूप २५ लाख ६५ हजार ९६६ रुपैयाँ राजश्व संकलन गरिएको साहले बताए । वृन्दावन, पौराई, धनसर राष्ट्रिय वन अन्तर्गतका फूलबारी, खयरधारी र भुलनटारजस्ता स्थानहरूमा १२.७४७ हेक्टर वन क्षेत्र स्थानीयहरूले अतिक्रमण गरी खेतीबाली गर्दै आएका थिए । ती क्षेत्रमा लगाइएको तारबार हटाएर पुनः वन क्षेत्र कायम गरिएको छ । कतिपय स्थानमा वृक्षारोपणसमेत गरिएको डिभिजन वन कार्यालयले जनाएको छ । भुलनटार क्षेत्रमा अतिक्रमणमा संलग्न बीरबहादुर लोप्चनमाथि वन ऐनअनुसार कारबाहीको प्रक्रिया अगाडि बढाइएको छ । डिभिजन वन कार्यालयले चाडपर्वका बेला कर्मचारी विदामा जाने परम्परालाई परिमार्जन गर्दै पालो–पालो बिदा दिने व्यवस्था लागू गरेको छ । यस्ता चाडबाडको समयमा चोरी तस्करी बढ्ने गरेको अनुभवका आधारमा सुरक्षा निगरानीलाई सशक्त बनाइएको छ । राष्ट्रिय तथा सामुदायिक वनको संरक्षणका लागि २४सै घण्टा गस्ती र अनुगमन प्रणाली थप सुदृढ बनाइएको कार्यालयले जनाएको छ ।

# १५७ किलो गाँजासहित दुईजना पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको बर्दिबासबाट प्रहरीले ठूलो परिमाणको गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाहरू सर्लाही जिल्लाका निवासी हुन् । उनीहरूले स्कारपियो गाडीमा गाँजा लुकाएर ओसारपसार गर्दै थिए ।
जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी शैलेन्द्र कुमार भट्टका अनुसार पक्राउ पर्नेमा सर्लाहीको हरिवन नगरपालिका–५ पर्कोलीका ३५ वर्षीय लालबाबु साह र हरिवन नगरपालिका–३ बुद्धचोकका २१ वर्षीय अभिषेक परियार रहेका छन् । उनीहरूलाई बर्दिबास नगरपालिका–१ स्थित शुभ स्वस्तिक अस्पताल नजिकै पूर्वबाट पश्चिमतर्फ आइरहेको बा ११ च ३४९४ नम्बरको सेतो स्कारपियोबाट नियन्त्रणमा लिइएको हो ।
प्रहरीको नियमित चेकजाँचको क्रममा गाडी रोकेर तलासी गर्दा स्कारपियोको भित्रि भागमा प्लास्टिकमा बेरेर लुकाइएको अवस्थामा गाँजा फेला परेको थियो । प्रहरीले बरामद गरेको गाँजा ३० वटा पोका रहेका छन् । गाँजाको कुल तौल १५७.९ किलोग्राम पुगेको डिएसपी भट्टले जानकारी दिए । पक्राउ परेकाहरूले गाँजा कहाँबाट ल्याइयो र कहाँ पुर्याउने योजनामा थिए भन्नेबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उनीहरूलाई लागूऔषध सम्बन्धी कसूरमा मुद्दा दर्ता गरिने तयारी भइरहेको छ । बरामद गाँजा, प्रयोग गरिएको स्कारपियो गाडी र पक्राउ परेकाहरूलाई जिल्ला प्रहरी कार्यालय महोत्तरीमा राखेर अनुसन्धान अघि बढाइएको छ ।

## सम्पादकीय

# गणतन्त्र दिवसको शुभकामना

*२०६५ जेठ १५ गते, आजैका दिन मुलुकमा जेठा छोरा वंशका आधारमा राजा हुने राजतन्त्रात्मक प्रणाली खतम बनाएर संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माण भएको थियो। मधेशका ८ जिल्ला, प्रत्येक जिल्लामा ४ निर्वाचन क्षेत्र, ८ प्रादेशिक क्षेत्र, संघीयता कार्यान्वयनका लागि मधेश प्रदेश सरकार अर्थात् त्यतिखेरको प्रदेश नम्बर २ सरकार निर्माणको आधार तय भएको थियो। मधेशीको हक अधिकारका लागि मधेशमा अनेक आन्दोलन भए। कैयौँ शहीद भए, घाइते भए। संघीयताको जननी मधेश हो। मधेशले राष्ट्रपति, उपराष्ट्रपति पाएको छ। जनताका छोरा मुलुकको सर्वोच्च पदमा पुगेका छन्, पुग्नेक्रम जारी छ। जनताका लागि मधेशका धर्तीपुत्र मुख्यमन्त्री भएका छन्, मधेशका जनताका लागि बजेट बनाउँछन्। प्रहरी र कर्मचारीको अधिकारका लागि केन्द्र सरकारसँग खबरदारी भइरहेको छ। यसरी एउटा शक्तिसम्पन्न स्वाभिमानी मधेश सरकार निर्माणको आधार गणतन्त्र दिवस हो।*

*व्यवस्थापकहरुको आनिबानी नसुध्रँदा केही असन्तुष्टि देखिएका छन्। आमजनताको माग सम्बोधनमा व्यवस्थापकहरुको शैली नसुध्रँदा केही वितृष्णा छ। तर जनता व्यवस्थासँग भरोसा गर्छन्, स्वतन्त्रताको प्रयोग गर्न पाइरहेका छन् र खबरदारी गर्ने हैसियतमा छन्। हिजोजस्तो रैती छैनन्। यो स्वाभिमानी इतिहास कायम गर्न स्थापित गणतन्त्र दिवसका दिन सबै ज्ञातअज्ञात शहीदहरुमा भावपूर्ण श्रद्धाञ्जली। न्यायका लागि लडिरहेका सबैमा सहानुभूति। सत्तामा पुगेकाहरुले जनताको मनोकांक्षा बमोजिम शासन गर्न खबरदारी र गणतन्त्र दिवसको सबै–सबैमा शुभकामना।*

# विद्यादेवीको चीन भ्रमणको निहितार्थ



**श्रीमन नारायण**

पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी दशदिन लामो उत्तरी छिमेकी चीनको भ्रमणमा जानु भएको छ। नेकपा एमालेको टोली नेता बनेर बेईजिंग भ्रमणमा जानु भएका पूर्व राष्ट्रपति भण्डारी आफ्नो चीन भ्रमणमा त्यहाँका उपराष्ट्रपति, चिनियाँ कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय विभाग प्रमुख र विभिन्न ओहदाका वरिष्ठ नेताहरुसित भेटवार्ता गर्ने कार्यक्रम छ। १५ सदस्यीय एमाले टोलीको नेतृत्व गर्दै चीन भ्रमणमा गएका पूर्व राष्ट्रपति भण्डारीको उद्देश्य अवश्य नै चिनियाँ कम्युनिष्ट पार्टी र नेकपा, एमाले बीचको दुई दलीय सम्बन्धलाई थप प्रगाढ बनाउनु रहेको हुन सक्दछ। दुईपटक सम्म नेपालको राष्ट्रपति पदमा रहे पनि एमालेको राजनीतिमा उनको पुनआगमनले अवश्य नै नेकपा एमाले भित्रको द्वन्द्वलाई चर्काउने छ। चीन भ्रमणको अर्को उद्देश्य भविष्यमा नेकपा एमालेको नेतृत्व आफ्नो हात्तमा लिई पार्टी संगठनमाथि वर्चस्व कायम राख्नु र पार्टीको प्रभाव विस्तार पनि हुन सक्दछ। नेपालमा कम्युनिष्ट पार्टीको नेताको रुपमा स्थापित भईरहन उत्तरी छिमेकी चीनको सहयोग, समर्थन र सदभाव अपरिहार्य हुन गएको छ। नेपालका बामपन्थी दलहरु बीच समन्वयको अभाव रहेको र नेकपा एमाले तथा नेकपा एकीकृत समाजवादी बीचको बढदो दुरीले पनि पार्टीलाई कमजोर बनाएको छ। विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा आउनुको एउटा ठुलो कारण एमाले र एकीकृत समाजवादीबीच समन्वय कायम गराउनु पनि हो। उत्तरी छिमेकी चीनको गुरुमन्त्रको सुझाव र सल्लाह यस दिशामा ठुलो भुमिकाको निर्वाह गर्न सक्दछ।

नेपाल सरकार र नेकपा एमालेको संयुक्त प्रतिनिधीमण्डलको नेतृत्व गर्दै चीन भ्रमणमा रहनु भएकी भण्डारीलाई चीन सरकारले विदेशी राष्ट्र प्रमुख सरहको सम्मान, सुरक्षा र आतिथ्यता प्रदान गरेको छ। भण्डारी नेतृत्वको प्रतिनिधिमण्डल ग्वान्झाओ हुँदै बेईजिंग र त्यसपछि गान्सु प्रान्तको भ्रमण गरे। चिनियाँ कम्युनिष्ट पार्टी र सरकारी अधिकारीहरुले पूर्व राष्ट्रपति सहितको टोलीलाई विशेष सम्मान साथ स्वागत गरेको छ। भ्रमण दललाई चीन सरकारको राजकीय आवास गृहमा राखिएको छ, जुन विदेशी राष्ट्रप्रमुखहरुको लागि आरक्षित सुविधायुक्त आवास हो। पूर्व राष्ट्रपति भण्डारी बेईजिंग र गान्सु प्रान्तमा आयोजित दुईवटा प्रमुख अन्तर्राष्ट्रिय कार्यक्रमका मुखय अतिथिका रुपमा सहभागी हुनु हुनेछन्। भण्डारीले बेईजिंगमा छिमेकी मुलुकमा राजनीतिक दलहरुसँग चिनियाँ कम्युनिष्ट पार्टीद्धारा आयोजित संवाद कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्वोधन गर्नेछन्। चाईना काउन्सिल फर द प्रमोसन अफ इन्टरनेशनल ट्रेडका प्रमुखहरुसँग उनको भेटवार्ता हुनेछ। मदन भण्डारी फाउन्डेसनका तर्फवाट चिनियाँ पिस डेभलपमेन्ट फाउन्डेसन सँग संयुक्त छलफल पनि हुने कार्यक्रम छ। पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा फर्केको कुरा कतिपयलाई मन परेको छैन। तीन करोड नेपालीको अभिभावक भईसकेका व्यक्ति एउटा दलमा अटाउनु ठिक होईन।

काजल आँखामा लगाए, त्यो श्रृंगार हुन जान्छ, त्यसले सौन्दर्यको बोध गराउँछ तर जब त्यही काजल आँखा बाहेक अन्यत्र ठाउँमा लागेको देखिन्छ त्यो कालोपोतेको जस्तै देखिन्छ। स्थान विशेषमा हुँदा कुनै पनि वस्तु वा व्यक्तिको महत्व हुने गर्दछ। आफनो स्थानवाट च्युत भएर आफुलाई सिमित दायरामा राख्ने प्रयास वा काम भएमा व्यक्तिको मर्यादा माथि प्रतिकुल प्रभाव पर्दछ। श्रृंगार सामग्रीको हकमा पनि यही कुरा लागु हुन्छ। तर अहिलेको प्रसँग भनेको गणतन्त्र नेपालको दुईपटक राष्ट्रपति रहीसकेका श्रीमती विद्यादेवी भण्डारीले आफुलाई नेकपा एमालेको कार्यकर्ता पंक्तिमा उभ्याउने प्रयास हो। संविधानको संरक्षक र पालकको भूमिकामा रही सकेका, तीन करोड नेपाली जनताका अभिभावक रहीसकेका र राष्ट्रको प्रथम नागरिक रही सकेका व्यक्तिले आफुलाई एउटा खास राजनीतिक दलको भाडोमा अटाउन खोज्नु दुर्भाग्यपूर्ण हो। संविधानमा र कानूनमा मात्रै सबै कुरा लेखिएको हुँदैन। भरसक संविधानमा इमान्दारी, नैतिकता, पारदर्शिता, सुशासन र भ्रष्टाचार भन्ने शब्द पनि लेखिएको हुँदैन तर सार्वजनिक जीवन यापन गर्नेहरुको निम्ति उपरोक्त शब्दहरुले खासै महत्व राखेको हुन्छ। पूर्व राष्ट्रपति र नेकपा एमालेका पूर्व उपाध्यक्ष श्रीमती विद्यादेवी भण्डारी नेकपा एमालेको राजनीतिमा फर्किनु उनको निजी स्वतन्त्रता हो, स्वेच्छा र संविधान प्रदत अधिकार हो तर उनको यस निर्णयले राष्ट्रपति पदको मर्यादालाई उचाईसम्म पु¥याउने मार्गमा अवरोध उत्पन्न अवश्यक पनि गरेको छ। गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादव र उपराष्ट्रपति परमानन्द झा पनि सक्रिय राजनीतिमा आउन सक्दथे तर उनीहरुले पदको गरिमालाई समझे। दक्षिणी छिमेकी भारतमा पनि राष्ट्रपति र उपराष्ट्रपतिको पदमा बसी सकेका व्यक्ति सक्रिय राजनीतिमा फर्केको उदाहरण छैन। उपराष्ट्रपति रही सकेका नन्दकिशोर पुन पनि सक्रिय राजनीतिमा फर्किसकेका हुन्। कथमकदाचित भोलीका दिनमा उनीहरु चुनाव जितेर मन्त्री अथवा सांसद बनेमा सरकारी पर्वहरुमा उनको मर्यादाक्रम के रहने हो ? शायद त्यही भएर राष्ट्रपति र उपराष्ट्रपति पदमा लागि उम्मेदवारको घोषण गर्दा राजनीतिक दलहरुले बलजफितपूर्वक अथवा राजनीतिक सत्ता समीकरण अनुकुल हुने गरी उम्मेदवारको छनोट गर्नु हुँदैन।

राष्ट्रपति र उपराष्ट्रपति जस्तो गरिमामय पदमा बसीसकेका व्यक्तिले सक्रिय राजनीतिमा नफर्केकै राम्रो मानिन्छ। पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी राष्ट्रपतिको हैसियतमा सन् २०१९ मा चीनको राजकीय भ्रमण गरेका थिए। राष्ट्रपतिको कार्यकाल पछि यो उहाँको पहिलो चीन भ्रमण हो। विगत केही महिना देखि उनको चीन भ्रमणको विषय चर्चामा रही आएको हो। यस भ्रमण मार्फत नेकपा एमाले र चिनियाँ कम्युनिष्ट पार्टी बीचको सम्बन्धलाई थप प्रगाढ बनाउनेछ तर यसवाट नेपाललाई खासै लाभ पुग्ने सम्भावना छैन।

कुनै पनि देशको बैधानिक सत्तासँग मात्रै सम्बन्ध राख्ने उत्तरी छिमेकी चीनको पुरानो नीति थियो। चीनले लामो समय सम्म तङसियाओ पुनको "लो प्रोफाईल" कायम गर्ने नीति अवलम्वन ग¥यो। भुराजनीतिमा पनि मौन बसेर शक्ति आर्जन गरिरहने र आफनो स्वार्थमा मात्रै चासो देखाउने चिनियाँ शैलीको युग अब सकिएको छ। नेपालमा पनि आफनो चासो र स्वार्थहरुको सम्वोधन बाहेक नेपाल मामिलामा धेरै थियो चर्चा गर्न आवश्यक परेन, उसलाई नेपालमा ठुलठुला राजनीतिक परिवर्तन भएपनि चीनले आफनो धार प्रष्ट रुपमा देखाएन तर जनआन्दोलन २ को सफलता पश्चात नेकपा माओवादी राष्ट्रिय राजनीतिको मुलधारमा एउटा निर्णयक शक्तिको रुपमा आफनो सक्रियता देखाउँदै आएको छ।

शुरुमा नेकपा माओवादी त्यसपछि अन्य बामपन्थी राजनीतिक दलहरु र अब त नेपालका प्रायः सबै जसो राजनीतिक दलहरुसित चीनले आफनो सम्बन्ध बनाउन थालेको छ। नेपालका बामपन्थीहरु त चिनियाँ कम्युनिष्ट पार्टीका नेताहरुसित भर्चुअल प्रशिक्षण पनि प्राप्त गरेका छन्। नेपालका बामपन्थी दलहरुबीच एकता गराउन, बामपन्थी सरकारलाई टिकाउन र सरकारको गठन–विघटनमा पनि यसले आफनो भूमिकाको निर्वाह गर्न थालेको छ। महिनामा एक–दुई पटक नेपाली नेताहरु चीन भ्रमणमा जाने क्रम जारी छ। उत्तावाट चिनियाँ विज्ञहरु पनि नेपाल आउने क्रम जारी छ। चीनको लागि नेपाल प्राथमिकताको देश होईन, आर्थिक, सामरिक र रणनीतिक रुपले पनि, वि.सं.२०७२ साल देखि २०८१ सालको मध्यसम्म नेपालको सिमानासित जोडिएका चिनियाँ नाका बन्द रहनु यसको उदाहरण हो। चीनको सत्तारुढ चिनियाँ कम्युनिष्ट पार्टीको सिद्धान्त आयात गरेको तिलस्मी भाष्यले धेरैलाई भुलभुलैयामा पारिदियो। भारत र चीन जस्ता दुई ठुला महाशक्तिबीच रहेको नेपालले सन्तुलन कायम गर्ने उपायको खोजीमा चीनको सदास्यतालाई वास्तविकता ठुला देखाउँदै आवश्यकताभन्दा बढी "देवत्वकरण" गरि दियो। पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको चीन भ्रमणले उनलाई नेकपा एमालेका नेताको रुपमा स्थापित गरिदिने अथवा चीनले नेपालमा आफनो नयाँ भरपर्दो नेताको चयन गरेको मान्न सकिन्छ। यदि केवल पार्टी संगठनलाई बलियो बनाउने ध्येय मात्रै रहेछ भने यसको परिणाम सकारात्मक पनि सावित हुन सक्दछ, अन्यथा प्रतिपादक पनि हुन सक्नेछ।

# गणतन्त्रपछि खेलकुदमा उपलब्धि



**राजु सिलवाल**

नेपालमा राजनीतिक संरचना परिवर्तन भई लोकतन्त्रको आगमनसँगै गणतन्त्रको बहाली भएपछि मुलुकका अन्य क्षेत्रमा जस्तै खेलकुदमा पनि विविध परिवर्तन भएका छन्। मुलुकमा बहुदलीय ब्यवस्थाको पुनःस्थापनापछि पहिलोपटक स्थापना गरिएको खेलकुद मन्त्रालयलाई लोकतान्त्रिक व्यवस्थामा पनि निरन्तरता दिई नेपालको खेलकुद क्षेत्रलाई समयोचित ढङ्गबाट अघि बढाउने प्रयास हुँदै आएको छ। नेपाली खेलकुद क्षेत्रमा विभिन्न खेलमा खेलाडीहरुको सहभागिता बढ्दै गइरहेको छ। मुलुकभित्र नयाँनयाँ खेल भित्रिने क्रम पनि जारी रहेको छ। तर सीमित साधन र स्रोतका कारण खेलकुदले जुन परिमाणमा प्राथमिकता पाउनु पर्दथ्यो त्यति पाउन सकेको छैन। तापनि यस अवधिमा नेपाली खेलाडीहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिता जनाई विभिन्न उपलब्धि हासिल गरेका छन्।

**सबै प्रदेशमा खेलकुद मन्त्रालय**

नेपालमा गणतन्त्र आएपछि खेलकुद इतिहासमा पहिलोपटक सातै प्रदेशमा खेलकुदको आधिकारिक निकायलाई विकेन्द्रीकरण गरिएको छ। प्रत्येक प्रदेश सरकारअन्तर्गत युवा तथा खेलकुद मन्त्रालयको स्थापना भई युवा तथा खेलकुद क्षेत्रको जिम्मेवारी हस्तान्तरण गरिएको हो। प्रदेशस्तरीय खेलकुद मन्त्रालयले खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने गर्ने गरेको छ।

यसैगरी खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवद्र्धन गर्नुका साथै खेलकुद प्रशासन र सङ्घसंस्थाको समन्वय र नियमन गर्ने कार्य समेत गर्ने गरेको छ। मन्त्रालयद्वारा राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजनाका साथै प्रदेशमा युवा तथा खेलकुदसम्बन्धी अन्य गतिविधिहरु सञ्चालन भई आएका छन्।

**प्रदेश खेलकुद परिषद् स्थापना**

विगतमा राष्ट्रिय खेलकुद परिषद् समग्र मुलुकको खेलकुद विकासका लागि जिम्मेवार निकायका रुपमा सञ्चालन भई आएकामा गणतन्त्रपछि सातै वटा प्रदेशमा पनि प्रदेश खेलकुद परिषद् स्थापना गरिएको छ। यी परिषद् खेलकुद क्षेत्रको समग्र विकासका लागि स्थापना गरिएको हो। परिषद्ले खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यावसायिक सुरक्षा, प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा हुने प्रतियोगितामा सहभागिताजस्ता क्षेत्रमा कार्य गर्दै आइरहेको छ। युवा तथा खेलकुद मन्त्रालय मातहत रहेको परिषद्अन्त्रगत विभिन्न जिल्लाका जिल्ला खेलकुद विकास समितिहरू रहेका छन्। पालिकाहरुमा पनि पालिका खेलकुद विकास समिति गठन गरिएका छन भने वटामा समेत गठन गरिएको खेलकुद विकास समिति स्थानीयस्तरको खेलकुद विकासका लागि महत्वपूर्ण आधार बन्न सक्ने देखिएको छ।

**आर्थिक सम्मानको सुनिश्चितता**

नेपालमा विगतदेखि नै अन्तरराष्ट्रिय पदक विजेता खेलाडीहरुलाई सरकारले नगद पुरस्कार दिने परम्परा भए पनि निश्चित प्रतियोगिताका विजेता खेलाडीहरुलाई मात्र यसरी सम्मानित गरिने गरिन्थ्यो। दक्षिण एसियाली खेलकुद, एसियाली खेलकुदजस्ता प्रतियोगितामा पदक पाउन सफल खेलाडीहरु मात्र यस्ता पुरस्कारबाट लाभान्वित हुने गरेका थिए। अब खेलाडीहरुको पुरस्कारका लागि छुट्टै नियमावलीको व्यवस्था गरिएको छ। अन्तरराष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा पदक जित्ने नेपाली खेलाडीहरुलाई सरकारद्वारा नगद पुरस्कार प्रदान गरी प्रोत्साहित गरिने व्यवस्था राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ मा गरिएको छ। यस्तो व्यवस्थापछि दक्षिण एशियाली खेलकुद, एशियाली खेलकुद, ओलम्पिकका साथै अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक बिजेता खेलाडीहरुले समेत सरकारबाट आर्थिक पुरस्कारद्वारा सम्मानित हुने सुनिश्चित गरिएको छ।

**खेलाडीको उपचारमा सहयोग**

राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ मा दुर्घटनामा परेका खेलाडी तथा प्रशिक्षकलाई आर्थिक सहायता दिनका लागि खेलाडी कल्याणकारी कोषको व्यवस्था गरिएको छ। कडा रोग लागेका खेलाडी तथा प्रशिक्षकले पनि उपचारका लागि आर्थिक सहयोग पाउने भएका छन्। मुटु रोग, मिर्गौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाईनल इन्जुरी, हेड इन्जुरी, सिकलेस एनिमियाजस्ता कडा रोग लागेकालाई यो कोषबाट सहयोग गरिने भएको छ।

राष्ट्रिय खेलकुद विकास ऐन २०७७

राजनीतिक परिवर्तनपछि अन्य निकायमा जस्तै खेलकुद क्षेत्रमा पनि पुराना ऐनलाई परिमार्जन तथा संशोधन गरेर समय अनुकूल बनाउने प्रयास गरिएको छ। यसैक्रममा ल्याइएको राष्ट्रिय खेलकुद विकास ऐन २०७७ ले खेलमा अनियमितता तथा मिलोमतो गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। विगतमा फुटबल, क्रिकेटजस्ता खेलमा मिलोमतो भएको आरोपमा नेपाली खेलाडीले कारबाही समेत भोगिसकेका छन्। नयाँ ऐनले खेलाडीलाई प्रतिबन्धित औषधि सेवन गर्न गराउन नहुने व्यवस्था पनि गरेको छ।

नेपालमा खेलकुद प्रतियोगिता सञ्चालन भइरहँदा बेलाबखत दर्शकदीर्घाबाट समेत अवरोध हुने गरेको छ। नयाँ खेलकुद ऐनमा खेलकुद प्रतियोगिता हेर्न उपस्थित दर्शकहरुले समेत पालना गर्नु पर्ने आचार संहिता बनाएर लागू गर्ने कुरा उल्लेख गरिएको छ। खेल र खेलाडीको वर्गीकरण गर्ने र खेलाडीहरुको सामाजिक सुरक्षाका लागि आवश्यक पहल गर्ने व्यवस्था पनि ऐनले गरेको छ। चार प्रदेशका खेल सङ्घ आपसमा मिलेर राष्ट्रिय खेल सङ्घ वा महासङ्घ गठन गर्न सकिने, नेपालका मौलिक तथा परम्परागत खेल तोक्ने कुरा पनि राष्ट्रिय खेलकुद विकास विकास ऐनमा उल्लेख गरिएको छ।

**भौतिक पूर्वाधारको अवस्था**

नेपालमा खेलकुद क्षेत्रको देशव्यापी रुपमै भौतिक सम्पत्तिहरु रहेका छन्। राष्ट्रिय खेलकुद परिषद्को स्वामित्वमा रहेका कतिपय जमिन विगतदेखि नै अतिक्रमणमा समेत परेका छन्। मुलुकमा गणन्त्र आएपछि खेलकुदका विभिन्न पूर्वाधार बन्नुका साथै समयोचित मर्मतसम्भार र स्तरोन्नति गरिएको छ। खेलकुद पूर्वाधारका रुपमा रहेका रङ्गशालाहरुमा चितवनको गौतम बुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला, पोखरा रङ्गशाला, नेपालगञ्ज रङ्गशाला, धनगढी रङ्गशाला, ललितपुरको च्यासल रङ्गशाला आदिमा आवश्यक निर्माण तथा मर्मतसम्भार कार्य गरी प्रतियोगिता सञ्चालनका लागि उपयुक्त बनाइएका छन्। कीर्तिपुर क्रिकेट मैदानमा प्यारापिट निर्माण र फ्लडलाइट राख्ने कार्य जारी रहेको छ।

खेलकुद पूर्वाधार निर्माणका लागि प्रदेश तथा स्थानीय सरकारको सक्रियता हँुदै गएको पाइएको छ। बागमती प्रदेश सरकारले हेटौँडामा गौरीटार रङ्गशाला निर्माण गरेको छ। त्यहाँ ट्र्याकसहितको फुटबल मैदान, मार्सलआर्टका कभडहल, प्यारापिटसहितको क्रिकेट पीच, पौडीपोखरी र खेलाडी आवास गृह बनाइएको छ।

कर्णाली प्रदेश सरकारले सुर्खेतमा कर्णाली रङ्गशाला निर्माण गरेको छ। त्यहाँ ट्र्याकसहितको फुटबल मैदान, भलिबल कभर्डहल, क्रिकेट पीच र पौडीपोखरी बनेका छन्। दाङको बेलझुण्डीमा रहेको रङ्गशालामा सेन्थटिक्स ट्र्याक अन्य सुविधाको व्यवस्था गरिएको छ। विभिन्न जिल्लामा २२ वटा सेमिकभर्डहलहरु बनाइएका छन्।

यसैगरी सिमरा रङ्गशाला, भैरहवा क्रिकेट रङ्गशाला र कोहलपुर क्रिकेट रङ्गशाला महत्वपूर्ण खेलकुद पूर्वाधार बनेका छन्। नेपालमा अन्तरराष्ट्रियस्तरको फुटबल रङ्गशालाको अभाव महसुस गरिएको छ। पचासौँ वर्ष पुरानो दशरथ रङ्गशालामा बेलाबखत फुटबलबाहेक अन्य गतिविधि पनि हुने गरेका छन्। दशरथ रङ्गशालाको स्तरको अवस्थालाई खोट लगाउँदै नेपालमा निश्चित गरिएको अन्तरराष्ट्रिय फुटबल प्रतियोगिता समेत अन्यत्र सारिएको तितो यथार्थ बिर्सन सकिदैंन। नेपालमा फुटबल रङ्गशाला निर्माण गर्नका लागि अन्तरराष्ट्रिय फुटबल महासङ्घ फिफाले सहयोग गर्न तयार भए पनि जग्गा भने प्राप्त गर्न नसकिएको अवस्था छ।

**राष्ट्रिय गौरवका आयोजनामा खेलकुद**

नेपालमा जलविद्युत्, सिँचाइ, यातायातलगायत विभिन्न महत्वपूर्ण विकास निर्माणका आयोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरेजस्तै पहिलो पटक खेलकुदलाई पनि राष्ट्रिय गौरवको आयोजना भनी घोषणा गरिएको थियो। नेपाल सरकारले २०८१÷८२ को वार्षिक बजेटमा खेलकुदलाई पनि राष्ट्रिय गौरवको आयोजनाका रुपमा समावेश गरेको थियो। काठमाडौँको गोकर्णस्थित मूलपानी क्रिकेट रङ्गशाला र विराटनगरमा रहेको गिरिजाप्रसाद कोइराला रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरिएको थियो। तर स्रोत सुनिश्चित नभएपछि निर्माण कार्यमा भने ढिलाइ हुन गयो।

नेपालमा २०३८ सालमा शुरू गरिएको राष्ट्रिय खेललाई गणतन्त्रमा पनि निरन्तरता दिइएको छ। २०६५ सालमा पाँचौँ, २०६८ सालमा छैटौँ, २०७३ सालमा सातौँ, २०७५ सालमा आठौँ र २०७९ सालमा नवाँ राष्ट्रिय प्रतियोगिता आयोजना गरिएको थियो। तर हालसम्म राष्ट्रिय खेलकुदको २१ औँ संस्करण सम्पन्न भैसक्नु पर्नेमा नवौँ प्रतियोगिता मात्र सम्पन्न हुनु उचित थिएन। २०८१ सालमा कर्णाली प्रदेशमा १० औँ राष्ट्रिय प्रतियोगिता आयोजनाकालागि तीन पटक मिति घोषणा गरिए पनि हालसम्म आयोजना गर्न सकिएको छैन।

नेपालमा विभिन्न खेलका जारी प्रतियोगिताले नयाँ नयाँ प्रतिभाहरुको छनोटका लागि सघाउ पुगिरहेको छ। त्यसैगरी यु १४ विद्यालय खेलकुद, राष्ट्रपति रनिङशिल्ड, विश्वविद्यालय खेलकुदजस्ता खेलकुद प्रतियोगिता पनि खेलाडी उत्पादनका लागि उपयुक्त माध्यम बनिरहेका छन्।

**खेलकुद समावेशी बाटोमा**

फरक क्षमताका खेलाडीहरुको पारा तथा खेलकुद प्रतियोगिता, राष्ट्रपति महिला खेलकुद सहभागिता अभिवृद्धि कार्यक्रम, परम्परागत खेलकुद प्रतियोगिता, सबैका लागि खेलकुदः यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुका लागि खेलकुद, आदिवासी जनजाति खेलकुद कार्यक्रम आदिले नेपाली खेलकुद जगत्लाई समावेशी बाटोतर्फ अग्रसर बनाउँदै लगेको देखिएको छ।

**पहिलो ओलम्पिक पदक**

सन् १९६४ देखि ओलम्पिकमा भाग लिँदै आएको नेपालले ६१ वर्षमा पहिलोपटक ओलम्पिकमा पदक जित्यो। नेपाली पारा ताइक्वाण्डो खेलाडी पलेशा गोवद्र्धनले फ्रान्सको पेरिसमा सम्पन्न पारा ओलम्पिकमा ताइक्वाण्डोको ५७ केजी तौल समूहमा कास्य पदक जितेकी थिइन्। नेपालको खेलकुद इतिहासमा यो सबैभन्दा महत्वपूर्ण पदक मान्न सकिन्छ। उनले सन् २०२२ को हाङचाउ एसियाली पारा खेलकुदमा पनि नेपालका लागि पहिलो कास्य पदक जित्न सफल भएकी थिइन्।

**पच्चीस वर्षपछिको पदक**

कराते खेलाडी एरिका गुरुङले हाङचाउ एसियाली खेलकुदमा नेपाललाई २५ वर्षपछि व्यक्तिगत प्रतिस्पर्धामा रजत पदक दिलाउन सफल भएकि थिइन्। यसअघि सन् १९९८ मा थाइल्याण्डको बैंककमा भएको एसियाली खेलकुदमा ताइक्वाण्डो खेलाडी सविता राजभण्डारीले नेपाललाई एसियाली खेलकुदमा पहिलो रजत पदक दिलाएकी थिइन्। टिम इभेण्टस्को पहिलो एसियाली रजत पदक भने नेपालले सन् २०१८ मा जितेको थियो। नेपाली पाराग्लाइडिङ पुरुष टिमले इण्डोनेसियामा क्रसकन्ट्री इभेण्टमा उक्त पदक हात पार्न सफल भएको थियो। पदक जिजेता टिममा विमल अधिकारी, विजय गौतम, युकेश गुरुङ, सुशील गुरुङ र विशाल थापा रहेका थिए।

नेपालमा गणतन्त्र आएपछि विभिन्न खेलाडीले एसियाली खेलकुदमा कास्य पदक पनि जितेका थिए। सन् २०१० मा चीनको ग्वाङझाउमा बक्सिङतर्फको ८१ केजी तौल समूहको लाइट हेभिवेटमा दीपक महर्जन, सन् २०१४ मा दक्षिण कोरियाको इन्चोनमा करातेतर्फ एकल कातामा बिमला तामाङले काँस्य पदक पाएका थिए।

**दक्षिण एसियाली पदक**

सन् २०१० मा बङ्गलादेशको राजधानी ढाकामा सम्पन्न ११ औँ दक्षिण एसियाली खेलकुदमा नेपालले आठ स्वर्ण, नौ रजत र १९ कास्य पदक जितेको थियो। सन् २०१६ मा भारतको आसाममा भएको १२औँ एसियाली खेलकुदमा नेपालले तीन स्वर्ण, २३ रजत तथा ३५ काँस्य पदक पाएको थियो। सन् २०१९ मा नेपालमा आयोजित १३ औँ दक्षिण एसियाली खेलकुदमा नेपालले ५१ स्वर्ण, ६० रजत र ९६ कास्य पदक प्राप्त गरी पदक तालिकामा दोस्रो स्थान हासिल गर्न सफल भएको थियो।

नेपालले अन्य विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा पनि पदकहरु जितेको छ। विशेषगरी टिम खेलको तुलनामा व्यक्तिगत खेलतर्फ बढी मात्रामा पदक जितेको देखिएको छ। तर खोखो खेलको विश्वस्तरीय प्रतियोगितामा नेपालले पुरुष तथा महिला दुवै इभेण्टस्मा दोस्रो स्थान ल्याउन सफल हुनु सानो उपलब्धि होइन।

**क्रिकेटमा छलाङ**

नेपालले एसियन क्रिकेट काउन्सिल (एसिसी) तथा अन्तरराष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) का क्रिकेट लिगहरुमा आफ्नो सशक्त उपस्थिति देखाउँदै आइरहेको छ। नेपालले पुरुष क्रिकेटमा सन् २०१८ मा एकदिवसीय मान्यता प्राप्त गर्न सफल भएको थियो। यसअघि नेपाल सन २०१४ को आइसिसी विश्वट्वाण्टीको लागि छनोट भएको थियो। वरिष्ठ खेलाडीहरुको विश्वकपमा नेपाली टोलीको यो पहिलो सहभागिता थियो। नेपालले सन् २०१८ को विश्व क्रिकेट लिग डिभिजन दुईमार्फत इतिहासमा पहिलो पटक ओडिआईमा पुग्न सफल भएको थियो। नेपाल सन् २०२३ मा एसिसी पुरुष प्रिमियर कपको फाइनलमा संयुक्त अरब इमिरेटसलाई हराएर एसिसी एसिया कपका छनोट हुन सफल भएको थियो। नेपाल सन् २०२४ को आइसिसी टि–ट्वाण्टी विश्वकपमा सफल छनोटसँगै एसिया कपमा सहभागी भएको थियो।

नेपाली पुरुष क्रिकेट टिम अहिले विश्वको एक दिवसीय वरियतामा १७ औँ तथा टि–ट्वाण्टी वरियतामा १८ औँ स्थानमा रहेको छ। नेपाली महिला क्रिकेट टिमले विगत केही वर्षदेखि गर्दै आइरहेको प्रगति पनि उत्साहजनक मानिएको छ। पछिल्लो पटक नेपाली महिला टिम आइसिसी महिला टि ट्वाण्टी विश्वकपमा एशियाको छनोट पार गर्दै पहिलोपटक ग्लोबल छनोटमा पुग्नु महत्वपूर्ण उपलब्धि हो। नेपालले अन्तिम चरणको ग्लोबल छनोट खेल्न पाउनेछ।

**फुटबलमा सफलता**

नेपालमा सबैभन्दा लोकप्रिय मानिएको फुटबलका अन्तरराष्ट्रिय प्रतियोगिताहरुमा नेपालको निरन्तर सहभागिता भइरहेको छ। गणतन्त्रपछि नेपालको पुरुष फुटबल टिमले सन् २०१५ मा साफ यु १९ च्याम्पियनसीप र सन् २०१६ मा बङ्गबन्धु कप र एएफसी सोलिडारिटी कप जितेको थियो।

यसैगरी सन् २०१६ मै एसियाली खेलकुदमा फुटबलतर्फ प्राप्त स्वर्ण पदक अर्को महत्वपूर्ण सफलता थियो। सन् २०२१ को साफ च्याम्पियनसीपमा नेपाल दोस्रो भएको थियो। यस अवधिमा नेपाली महिला टिमको उपलब्धि पनि प्रशंसाजनक मान्न सकिन्छ। नेपाली महिला राष्ट्रिय फुटबल टिम धेरैपटक दोस्रो भएको छ। साफ च्याम्पियनसीपमा सन २०१०, २०१२, २०१४, २०१९, २०२२ र २०२४ मा नेपालले दोस्रो स्थान हासिल ग¥यो। सन् २०१० को दक्षिण एशियाली खेलकुदमा नेपाली महिला फुटबल टिम दोस्रो भएको थियो। सन् २०२४ मा वाफ अन्तरराष्ट्रिय फुटबल प्रतियोगिता तथा सन् २०२५ को अन्तरराष्ट्रिय महिला च्याम्पियनसीपमा पनि नेपाली महिला टिम दोस्रो भएको थियो।

**भलिबल राष्ट्रिय खेल घोषणा**

नेपालको राष्ट्रिय खेल कुन हो भनेर लामो समयदेखि अन्यौल भइआएको थियो। कसैले डण्डिबियोलाई राष्ट्रिय खेल भन्ने गरेका थिए भने कोही कबड्डीलाई राष्ट्रिय खेल भन्दै खेल्ने गर्दथे। यस प्रकारको अन्यौल मुलुकमा गणतन्त्र आएपछि मेटिएको छ। नेपाल सरकारले गत २०७४ साल जेठमा भलिबललाई नेपालको राष्ट्रिय खेल घोषणा गरेको थियो। नेपालमा विगत कैयौँ वर्षदेखि खेलिदै आएको भलिबल खेल हिमाली क्षेत्रदेखि तराईका भूभागसम्मै खेलिने गरिएको छ। थोरै लगानीमा भलिबल राष्ट्रिय खेल घोषणा गरिएपछि यो खेलले मुलुकभित्र मात्र नभई अन्तर्राष्ट्रिय जगतमा पनि उपलब्धि हासिल गर्दै गएको देखिएको छ। पुरुषका साथै महिला भलिबलमा समेत उल्लेखनीय प्रगति हुँदै गएको पाइन्छ।

नेपालका फुटबल, भलिबल, कबड्डीलगायतका खेलाडी विदेशका टिमसँग आबद्ध भएर व्यावसायिक खेल खेल्न अवसर पाउनु मुलुककै गौरबको विषय बन्न पुगेको छ। मुलुकभित्रै अहिले विभिन्न खेलमा व्यावसायिक अभ्यास शुरू भएका छन। क्रिकेट, फुटबल, भलिबल, कबड्डीलगायतका खेलमा टिम सञ्चालनदेखि प्रतियोगिताको आयोजनासम्मको प्रक्रियामा नेपाली निजी क्षेत्र अगाडि आउनु नेपालको खेलकुद जगतका लागि शुभसङ्केत मान्न सकिन्छ। नेपालमा खेलेरै जीवन धान्न सकिने अवस्थाको व्यवस्था गर्नका लागि सम्बन्धित निकायले विशेष योजना नै ल्याउनु पर्ने जरुरी देखिएको छ।

नेपालमा खेलकुदको विकासका लागि स्कूल तहदेखि नै निरन्तर प्रशिक्षण शुरू गरिनुपर्ने आवश्यक महसुस देखिएको छ। अर्को महत्वपूर्ण पाटो भनेको नेपालको सम्भावना भएका खेलको छनोट। नेपाली खेलाडीहरुले उचित प्रदर्शन गर्न सक्ने खेलहरुको दीर्घकालीन रुपमा नियमित तालिम दिन सकिएको खण्डमा भोलिका दिनमा ओलम्पिकमा समेत पदकको दाबी गर्न सकिने सम्भावना देखिन्छ। तर यसका लागि सरकारले खेलकुदलाई उच्च प्राथमिकताका साथै आवश्यक बजेट बिनियोजित गर्नु जरुरी देखिएको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# साउनयता प्राकृतिक कारणले २८ गैंडा मरे

**चितवन ।**
गत साउनयता प्राकृतिक कारणले चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती सामुदायिक वन र डिभिजन वन कार्यालय अन्तर्गतका वन क्षेत्रमा २८ वटा गैँडा मरेका छन् ।
निकुञ्ज र मध्यवर्ती क्षेत्रमा २७ वटा र राष्ट्रिय वन क्षेत्रमा एउटा गैंडा मरेको हो । निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार यो अवधिमा चोरी सिकारीले गैँडा मार्न पाएका छैनन् । गत साउन, भदौ र असोजमा दुई÷दुईवटा गैंडा मरेका थिए । कात्तिकमा चार, मङ्सिरमा दुई, पुसमा एक, माघमा तीन, फागुन र चैतमा चार÷चार र वैशाखमा तीन वटा गैंडा मरेका हुन । यही जेठमा राष्ट्रिय वन क्षेत्रमा एउटा गैंडा मरेको हो ।सूचना अधिकारी थापा मगरका अनुसार बाघ तथा गोहीको आक्रमणमा परेर, एक–आपसमा जुधेर, बिरामी भएर, दलदलमा फसेर, बुढो भएर, भाले गैंडाले थिचेर ती गैँडा मरेका हुन् । गत आर्थिक वर्षमा २१ वटा गैंडा मरेका थिए । मरेका गैंडामध्ये १८ वटा प्राकृतिक कारणले थिए भने दुई वटा चोरी सिकारीले र एउटाको कारण खुल्न सकेको थिएन ।
मगरका अनुसार आर्थिक वर्ष २०७९÷८० मा चितवन राष्ट्रिय निकुञ्जमा २२ वटा गैंडा मरेका थिए । जसमध्ये २० वटा कालगतीले, एउटा विद्युतीय करेन्टबाट र एउटा चोरी सिकारीले मारेका थिए । विसं २०८० कात्तिक ३० गतेयता चोरी सिकारीले गैंडा मार्न पाएका छैनन् । विसं २०८० कात्तिक ३० गते निकुञ्जकै पूर्वी सेक्टर अन्तर्गत चपरचुली क्षेत्रमा खाल्डोमा पारेर तस्करहरुले दुई वटा गैँडा मारेका थिए । त्यस घटनामा संलग्न रहेको आरोपमा नौ जनालाई पक्राउ गरी निकुञ्जले सार्वजनिक गरेको थियो ।
सन् २०२१ को गणना अनुसार नेपालमा गैँडाको सङ्ख्या ७५२ पुगेको छ । एकसिङ्गे गैंडाको सङ्ख्या सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा ६९४ रहेको छ । बर्दियामा ३८, शुक्लाफाँटामा १८ र पर्सामा तीन गैँडा रहेको तथ्याङ्क छ । यसवर्ष गैंडा गणना गर्ने कार्यक्रम रहेपनि अन्तिम समयमा बजेट व्यवस्थापनमा समस्या भएपछि स्थगन भएको थियो ।रासस

# सामुदायिक अस्पतालले सरकारसँग सहकार्य गर्नुपर्ने

**काभ्रेपलाञ्चोक ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सामुदायिक अस्पतालले उत्कृष्टता हासिल गर्न सरकारसँग सहकार्य गर्नुपर्नेमा जोड दिएका छन ।
उनले धुलिखेल अस्पताल परिसरमा निर्माण हुने 'ट्रमा एण्ड इमर्जेन्सी सेन्टर'को बुधवार शिलान्यास गर्दै सामुदायिक अस्पताललाई समेट्ने गरी सरकारले नीतिगत विषय परिमार्जन गरेकाले सहकार्य आवश्यक रहेको बताए । 'भोलि सार्वजनिक हुने बजेटमासमेत सामुदायिक अस्पतालगायत स्वास्थ्य संस्थालाई सहकार्य गर्नेगरी सहभागिता गराइएको छ । सरकारसँगको सहकार्यले स्वास्थ्य क्षेत्रमा उत्कृष्टता हासिल गर्न सकिन्छ', मन्त्री पौडेलले भने ।
स्वास्थ्य क्षेत्रमा सुधार गर्न सरकारले थुप्रै विषय ल्याएकाले कार्यान्वयन गर्न स्रोतको खोजी भइरहेको उनले जानकारी दिए । 'स्रोत जुटाउन सामदायिक क्षेत्र, शुभेच्छुक अन्तरराष्ट्रिय दाता तथा निकायसँग जोड्न सक्नुपर्छ', उनले भने । राज्यले स्वास्थ्य क्षेत्रमा आवश्यकताअनुसार लगानी गर्नसक्ने अवस्थालाई सबल बनाउनेतर्फ लाग्नुपर्नेमा जोड दिँदै बिमा प्रणालीमार्फत विकल्प खोज्नुपर्ने उनको भनाइ छ । सोही कार्यक्रममा जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) का नेपाल प्रमुख मासुजाकी मिजुकीलेले सन् १९७० देखि जापान–नेपालको मित्रता कायम रहेकाले नेपालमा शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा काम गरिरहेको बताए । उनले जापान सरकारले बिपी राजमार्ग अन्तर्गत धुलिखेल–सिन्धुली–बर्दिबास १६० किमी सडक निर्माण गरेको स्मरण गर्दै गतसालको बाढीपहरोले केही खण्ड क्षतिग्रस्त बनाएकामा दुःख व्यक्त गरे ।
जापान सरकारले तीन अर्ब ६० करोड २६ लाख यान अनुदान सहयोग गरेको उक्त ट्रमा एण्ड इमर्जेन्सी सेन्टर निर्माणमा जापानले ६० प्रतिशत भवन र सबै प्रकारका मेडिकल उपकरणका लागि ४० प्रतिशत सहयोग गर्ने सम्झौतामा उल्लेख छ । सेन्टरमा पार्किङ, 'आइसियू', तीन वटा शल्यक्रिया कक्ष, 'एचडियू', प्रयोगशाला, 'फार्मेसी', फोहोर व्यवस्थापनलगायत आवश्यक सेवाहरु उपलब्ध हुने जनाइएको छ ।रासस

# एमालेले विपद् व्यवस्थापनमा पार्टीपङ्क्तिलाई सक्रिय गराउने

**काठमाडौँ ।**
नेकपा (एमाले) केन्द्रीय विपद् व्यवस्थापन तथा स्वयंसेवा विभागले विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, उद्धार तथा राहत वितरण कार्यमा पार्टी पङ्क्तिलाई परिचालित गर्ने भएको छ । विभाग प्रमुख खिमलाल भट्टराईले सरदरभन्दा यस वर्ष बढी वर्षा हुने अनुमान गरिएको सन्दर्भलाई दृष्टिगत गरी आवश्यक कार्ययोजनासहित सम्भावित विपद् व्यवस्थापनमा पार्टी पङ्क्तिलाई परिचालन गर्न लागेको जानकारी दिए । उनका अनुसार सबै जिल्ला कमिटी मातहत विपद् व्यवस्थापन तथा स्वयंसेवा विभाग गठन गर्ने, पूर्वतयारी र सचेतनाका कार्यलाई प्राथमिकता दिने, केन्द्रमा विपद्सँग सम्बन्धित केन्द्रीय संरचना र जिल्लामा जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा अङ्गसँग समन्वय र सहकार्य गरी बाढी–पहिरो र डुबान जोखिम न्यूनीकरणका पक्षमा पहलकदमी गर्ने, रेडक्रससहित उद्धार तथा राहतका क्षेत्रमा काम गर्ने सङ्घ–संस्थाको पहिचान गर्ने र आवश्यकताअनुसार सहयोगको वातावरण निर्माण गर्ने पक्षमा विभाग क्रियाशील रहेको छ ।
त्यस्तै प्रदेश सरकार र स्थानीय पालिकाहरूले यस सम्बन्धमा बजेट व्यवस्थापन र अन्य के कस्तो तयारी गरिरहेका छन्, बुझ्ने र तयारीको निम्ति अभिप्रेरित गर्ने, सम्भावित जोखिमयुक्त बस्तीहरूको पहिचान गर्ने र जोखिममुक्त गराउन हरसम्भव प्रयत्न गर्ने, बाढी–पहिरो र डुबानको अवस्थामा उद्धार, राहत र पुनर्निर्माणमा तत्परता देखाउनेलगायतका समन्वयकारी भूमिकासहित व्यवस्थापकीय कामलाई पार्टीले प्राथमिकता दिएको नेता भट्टराईले जानकारी दिए ।
कार्ययोजनामा जिल्लामा स्थानीय विपद्सम्बद्ध निकायहरूमा रहेका उद्धार सामग्री र उपकरणको बन्दोबस्तीलाई तयारी अवस्थामा राख्न सचेत गर्ने, मोबाइल, टेलिफोनसँग सम्बन्धित सूचना प्रणालीलाई चुस्तदुरुस्त राख्ने, मातहत कमिटीहरू र जनसङ्गठनलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धमा आवश्यक स्वयंसेवक तयार गर्ने र पार्टीका जिम्मेवार नेता तथा कार्यकर्ता जनताको सम्पर्कमा रहने तथा मौसमसम्बन्धी पूर्वजानकारी लिइ समयमै पार्टीपङ्क्ति एवं जनतालाई समेत सचेत गराउन पहल गर्ने कुरा पनि कार्ययोजनामा उल्लेख छ ।
विपद् व्यवस्थापन विज्ञ डा वसन्तराज अधिकारीले विपद्द्वारा सिर्जित जोखिम व्यवस्थापनबारे अवधारणा पत्र प्रस्तुत गर्दै विगतको तुलनामा यस वर्ष वर्षासँगै तापक्रम वृद्धि हुने देखिएकाले सम्भावित जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा तीनै तहका सरकार, समग्र पार्टी संयन्त्र, नागरिक समाज र आमजनता सचेत र सजग हुनुपर्ने खाँचो औँल्याए ।रासस

# लगातार अनुपस्थित भएपछि प्रदेशसभा सदस्य गीता गुरुङ पदमुक्त

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशसभा सदस्य गीता गुरुङ पदमुक्त भएकी छन । जनमत पार्टीबाट समानुपातिक तर्फबाट प्रदेशसभा सदस्य भएकी गुरुङ लगातार अनुपस्थित रहेको आधारमा पदमुक्त गरिएको हो ।
नेपालको संविधानको धारा १८० को खण्ड (घ) अनुसार प्रदेशसभामा पूर्वसूचना नदिइ लगातार १० वटा बैठकमा अनुपस्थित रहने सदस्यको पद रिक्त हुने व्यवस्था छ । सोही प्रावधानअनुसार सभामुख तुलाराम घर्ती मगरले गुरुङ पदमुक्त भएकोले सो स्थान रिक्त भएको घोषणा बुधवार बसेको छैटौँ अधिवेशनको ११औँ बैठकमा गरिएको हो ।
प्रदेशसभा नियमावली, २०७९ को नियम १९० को उपनियम १ मा पनि कुनै सदस्यको स्थान रिक्त भएमा सभामुखले त्यसको जानकारी सभालाई दिनुपर्ने व्यवस्था छ । पाँचौँ अधिवेशनअन्तरगत सम्पन्न ८३ वटा बैठकमध्ये उनि ३४ वटा बैठकमा मात्र सहभागी थिए । छैटौँ अधिवेशनमा भने उनि कुनै बैठकमा उपस्थिति भएकी छैन । सो अधिवेशनमा ११ वटा बैठक सम्पन्न भइसकेका छन् ।
जनमत पार्टी संसदीय दलका नेता चन्द्रकेश गुप्ताले सभामुखलाई पत्र पठाइ गुरुङले लगातार १० वटा बैठकमा अनुपस्थित भएकाले संविधानअनुसार उनको पद रिक्त घोषणा गर्न अनुरोध गरेको थियो । गुरुङको पद रिक्त भएपछि लुम्बिनी प्रदेशसभामा अब ८७ सिटमध्ये ८६ सांसद छन् ।रासस

# प्रत्येक स्थानीय तहमा शहरी केन्द्र विकास गरिने

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले प्रत्येक स्थानीय तहमा सहरी केन्द्र विकास गरिने बताएका छन ।
राष्ट्रियसभामा उठेका प्रश्नको जवाफ दिँदै उनले ग्रामीण सहरीकरणअन्तर्गत गाउँमा सहरी सुविधा पु¥याउन 'ग्रामीण सहरीकरण'
अवधारणाअन्तर्गत प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सानो सहरी केन्द्र (साना बजार, स्वास्थ्य केन्द्र र सामुदायिक भवन) विकास गर्ने योजना रहेको बताए ।
यस योजनाले गाउँका बासिन्दालाई सहरी सुविधा गाउँमै उपलब्ध गराइने मन्त्री सिंहले बताए । 'सहरी विकास मन्त्रालयले नेपालको दिगो र समावेशी सहरीकरणका लागि स्पष्ट खाका तयार गरेको छ । हाम्रो मुख्य उद्देश्य भनेको गाउँ र सहरबीचको असमानता हटाई समग्र देशलाई आधुनिक, समृद्ध र व्यवस्थित सहरी प्रणालीमा रूपान्तरण गर्नु हो । यसका लागि हामीले निम्न अवधारणा र योजनाहरू कार्यान्वयनमा ल्याएका छौँ, उनले भने, ' हामीले गाउँ र सहरलाई जोड्ने गरी एकीकृत सहरी विकासको अवधारणा अघि सारेका छौँ । यसअन्तर्गत ग्रामीण क्षेत्रमा आधारभूत सहरी सुविधाहरू (जस्तैः सडक, खानेपानी, बिजुली, स्वास्थ्य, शिक्षा) पु¥याउने र सहरी क्षेत्रमा ग्रामीण उत्पादनलाई बजारसँग जोड्ने योजना रहेको छ । यसले गाउँ र सहरबीचको खाडल कम गर्नेछ ।'
उनका अनुसार नयाँ सहर आयोजनाअन्तर्गत नेपाल सरकारले मध्यपहाडी क्षेत्रमा पर्ने १० वटा सहरलाई कम्तीमा एक लाख जनसङ्ख्यालाई आवास सुविधा प्राप्त हुने गरी 'ल्याण्ड पुलिङ' अवधारणामा नयाँ सहरको रूपमा विकास गर्ने कार्यक्रम अगाडि बढाएको छ ।
स्मार्ट सिटी परियोजनाअन्तर्गत नेपालका प्रमुख सहरहरू (जस्तैः काठमाडौँ, पोखरा, बुटवल) लगायत अन्य १० वटा सहरलाई स्मार्ट सिटीको रूपमा विकास गर्न हामीले डिजिटल प्रविधि, हरित ऊर्जा, र व्यवस्थित यातायात प्रणालीलाई प्राथमिकता दिएका छौँ', मन्त्री सिंहले भने, 'यसले सहरहरूलाई वातावरणमैत्री र आधुनिक बनाउनेछ । नेपाल सरकारले हालै नेपालको स्मार्ट सहरको रूपरेखा तय गर्न स्मार्ट सिटी इन्डिकेटर, २०८२ स्वीकृत गरको छ ।'
पुराना सहरहरूको संरचनात्मक र सामाजिक दुवै पक्षमा ध्यान दिएका छौँ । काठमाडौँ, ललितपुर, भक्तपुर, वीरगञ्ज, जनकपुरजस्ता पुराना सहरको संरचना जीर्ण भइसकेको र अव्यवस्थित बस्ती बढ्दै गएको अवस्था छ । यसलाई समाधान गर्न हामीले विभिन्न कदम चालेका छौँ', मन्त्री सिंहले भने, 'पुराना सहरहरूमा रहेका सम्पदाहरू (जस्तैः दरबार क्षेत्र, मन्दिर, चोक) को संरक्षण गर्दै तिनलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने योजना रहेको छ । यसले ती क्षेत्रको सांस्कृतिक महत्त्व जोगाउनुका साथै आर्थिक सम्भावना समेत वृद्धि गरिने छ ।'
सडक विस्तार र ढल व्यवस्थापनः पुराना सहरहरूमा सडक साँघुरो र ढल प्रणाली अव्यवस्थित रहेको भन्दै सडक विस्तार, ढल व्यवस्थापन र फोहरमैला व्यवस्थापनका लागि स्थानीय तहसँग सहकार्य गरेर एकीकृत सहरी पूर्वाधार विकास परियोजनाहरू सञ्चालन गरिएको उनको भनाइ छ ।
मन्त्री सिंहका अनुसार सार्वजनिक यातायात र हरियाली प्रवद्र्धनअन्तर्गत पुराना सहरमा ट्राफिक जाम र प्रदूषणको समस्या समाधान गर्न सार्वजनिक यातायातलाई प्राथमिकता दिइएको र हरियाली प्रवद्र्धनका लागि पार्क र खुला क्षेत्रहरूको निर्माण भइरहेको छ ।
सातै प्रदेशमा सन्तुलित सहरीकरणका लागि विभिन्न कार्यक्रमअन्तर्गत ५४ वटा सहरहरूको नयाँ निर्माण तथा आधुनिकीकरण गर्ने लक्ष्य राखेका रहेको उनले जानकारी दिए । 'भौगोलिक उपयुक्तता ः नयाँ सहरहरूको निर्माण भौगोलिक रूपमा उपयुक्त ठाउँमा गरिनेछ । उदाहरणका लागि, तराईमा औद्योगिक सहर, पहाडमा पर्यटकीय सहर र हिमाली क्षेत्रमा पर्यावरणमैत्री सहरको अवधारणा अघि सारिएको छ । यी सहरको विकास गर्दा ल्याण्ड पुलिङ अवधारणालाई अनिवार्य शर्तको रूपमा राखिएको छ', मन्त्री सिंहले भने, 'आधारभूत संरचनाअन्तर्गत प्रत्येक नयाँ सहरमा आधारभूत सुविधाहरू (सडक, बिजुली, खानेपानी, अस्पताल, स्कूल) को व्यवस्था गरिनेछ र नयाँ सहरहरूलाई आर्थिक केन्द्रको रूपमा विकास गर्न स्थानीय स्रोत र साधनमा आधारित उद्योगहरू स्थापना गरिनेछ ।'
उनका अनुसार हिमाली क्षेत्रको संवेदनशील वातावरणलाई ध्यानमा राखी हामीले विशेष रणनीति अपनाइएको छ । 'पर्यावरणमैत्री सहरीकरण ः हिमाली क्षेत्रमा सहरीकरण गर्दा वातावरणीय सन्तुलनलाई प्राथमिकता दिइएको छ । यहाँ हरित ऊर्जा (सौर्य र वायु ऊर्जा) को प्रयोग गरी बस्तीहरू निर्माण गरिनेछ', मन्त्री सिंहले भने, 'हिमाली क्षेत्रमा पर्यटकीय सम्भावना उच्च छ । त्यसैले, यहाँ पर्यटकीय सहरहरू (जस्तैः मुस्ताङ, मनाङ) को विकास गरिनेछ ।'
हिमाली क्षेत्रमा सडक सञ्जाल विस्तार गरी स्थानीय बासिन्दालाई बजारसँग जोड्ने योजना रहेको भन्दै उनले यसले स्थानीय उत्पादन (जस्तैः जडीबुटी, स्याउ) लाई बजारसम्म पु¥याउन सहज हुने विश्वास व्यक्त गरे ।
मन्त्री सिंहले मन्त्रालयले गाउँ, सहरको भेद मेटाउने र सिङ्गो देशलाई सहरीकरण गर्ने उद्देश्य प्राप्तिका लागि सबै तहका सरकार, निजी क्षेत्र र स्थानीय समुदायसँग सहकार्य गरिएको जानकारी दिए ।रासस

# प्रतिनिधिसभाको बैठक बिहीबारसम्मका लागि स्थगन

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बैठक बिहीबार अपराह्न १:३० बजे बस्नेगरी स्थगन भएको छ । सङ्घीय संसद् सचिवालयले सूचनामार्फत प्रतिनिधिसभाको बैठक बिहिबार दिनको १:३० बजे बस्ने गरी तय भएको जनाएको छ ।
बुधवार बिहान ११:०० बजेका लागि तय भएको बैठक दुई घण्टा ढिला गरी १:०० बजे सुरू भएको थियो । 'भिजिट भिषा' का विषयमा अनियमितता भएको भन्दै गृहमन्त्रीले राजीनामा दिनुपर्ने र उच्चस्तरीय छानबिन समिति गठन हुनुपर्ने माग राख्दै प्रमुख प्रतिपक्षीलगायत दलले विरोध गरेपछि बैठक आधा घण्टाका लागि स्थगित भएको थियो ।
निर्धारित समयमा बैठक बस्न नसकेपछि सङ्घीय संसद् सचिवालयले सूचना प्रकाशित गरी आजै पुनः ३:३० बजे बस्ने जानकारी गराएको थियो । सभामुख देवराज घिमिरेले सहमतिका लागि प्रमुख दलका प्रमुख सचेतकहरूसँग छलफल गरेका छन । छलफलमा सहमति नजुटेपछि बैठक बिहीबारका लागि तय भएको हो ।रासस

# 'संविधानप्रति कांग्रेस जिम्मेवार र प्रतिबद्ध'

**सुनसरी ।**
नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानप्रति नेपाली कांग्रेस पूर्ण रूपमा प्रतिबद्ध रहेको बताएका छन ।
बुधवार धरान उपमहानगर कांग्रेस कार्यसमितिको दोस्रो नगर सम्मेलन तथा वनभोज कार्यक्रममा उनले संविधान निर्माणदेखि कार्यान्वयनसम्म कांग्रेसको नेतृत्वदायी भूमिका रहेको उल्लेख गर्दै संविधानको संरक्षण, परिमार्जन र समयानुकूल संशोधनमा पनि पार्टी अग्रसर हुनुपर्ने बताए । उनले भने, 'संविधानलाई समावेशी, न्यायपूर्ण र व्यावहारिक बनाउन आवश्यक परेमा संशोधनको नेतृत्व गर्न कांग्रेस तयार छ ।'
संसद्लाई अहिलेको भन्दा अझ समावेशी बनाउनुका साथै राजनीतिक स्थायित्वका लागि एक दलले स्पष्ट बहुमत ल्याउने प्रणाली निर्माण गर्न आवश्यक रहेको उनको भनाइ छ ।
उनले दीर्घकालीन समाधानका लागि दलहरूबीच गम्भीर छलफल, चिन्तन र कार्यान्वयन आवश्यक रहेकोमा जोड दिए ।
नेपाल बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक समाज भएको उल्लेख गर्दै राज्यले सबै धर्म, भाषा र संस्कृतिसँग समान व्यवहार गर्नुपर्ने बताए । संविधानले सबैलाई बराबरी अधिकार सुनिश्चित गरेको उल्लेख गर्दै उनले राज्यको नीति त्यसै अनुसार सञ्चालन हुनुपर्ने बताए ।
भिजिट भिसा र सहकारी प्रकरणका सन्दर्भमा उनले तथ्य र प्रमाणको आधारमा जोकोही अनुसन्धानको दायरामा पर्न सक्ने र दोषी प्रमाणित भएमा कानुनी कारबाहीको भागेदार हुनुपर्ने धारणा व्यक्त गरे । रासस


## Janakpurdham Sub-Metropolitan City
### Office of the Municipal Executive
Janakpurdham, Dhanusha
Madhesh Province, Nepal

## Re-Invitation for Electronic Bids

Date of Second publication: 2081-10-11 (24th January, 2025 )

Janakpurdham Sub-Metropolitan City has allocated funds for Construction of below Mentioned Works. Only electronic bids are accepted. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Including VAT | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|---|
| 01/2081/82/SQ/WORKS | Additional Work of Ward Office Building, Ward No. 12, Janakpurdham | 11,73,918.72 | 33,000.00 | 2081-10-27, 12:00hrs | 1000.00 |

Chief Administrative Officer


# सबै नागरिकको आवासको हक सुनिश्चित हुन्छः भूमि व्यवस्थामन्त्री अधिकारी

**काठमाडौँ ।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सबै नागरिकको आवासको हक प्रत्याभूत गर्नका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन ।
राष्ट्रियसभाको बुधवारको बैठकमा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै मन्त्री अधिकारीले भूमिका दोहोरो स्वामित्व अन्त्य गर्ने, गुठी पीडितका समस्या समाधान गर्ने र भूमिहीन तथा सुकुमबासीलाई आवासको सुविधा उपलब्ध गराउनका लागि सरकारले विभिन्न ढङ्गले काम गरिरहेको बनाए ।
आगामी २०८३ असार मसान्तसम्ममा भूमिका दोहोरो स्वामित्वको अन्त्य गरिसक्ने गरी काम भइरहेको उनले उल्लेख गरे । तर हदबन्दीभन्दा बढीको जग्गा विभिन्न छद्मभेसी नाममा दर्ता भएको देखिएको र जग्गाधनी नआइकन दोहोरो स्वामित्वको अन्त्य हुन नसकेको अधिकारीको भनाइ छ ।
भूमि ऐन संशोधनका लागि प्रक्रिया अघि बढेको पनि मन्त्री अधिकारीले बताए । त्यस्तै, भूमिहीन, दलित, सुकुमबासीहरुलाई आवासको हक प्रत्याभूतिका लागि अहिले भूमि समस्या समाधान आयोगले सबै जिल्लामा काम गरिरहेको र केही कानुनी समस्या देखिएको उनको भनाइ छ । 'कतिपय कानुनी अड्चन देखिएको छ । विसं २०२१ सालमा नापी सुरू हुनुभन्दा अघि नै बस्ती बसेका तर जग्गा आफ्नो नाममा आउन नसकेका ठाउँहरू प्रसस्त छन् । त्यस्तै, राजमार्ग किनारामा बसेका बस्तीलाई अन्यत्र सार्न सक्ने अवस्था छैन । त्यहाँ जग्गा दिन कानुनले व्यवधान छ । यसलाई फुकाउनुपर्ने छ', मन्त्री अधिकारीले भने । सबै नागरिकलाई आवासको हक हुने भनेर संविधानले प्रत्याभूत गरेको र कार्यान्वयनका लागि सरकार प्रयासरत रहेको उनको भनाइ छ ।
त्यस्तै, पुरानो बिर्तावालाले भोगचलन गरेको जग्गा सम्बन्धित किसाने पाउने गरी बिर्तासम्बन्धी नियमावली बनाएर मन्त्रिपरिषद्मा लैजाने तयारी भइरहेको पनि उनले उल्लेख गरे । स्वर्गद्वारी गुठीलगायत विभिन्न गुठी पीडित किसानका समस्या समाधान गर्ने र मोहीको हक सुनिश्चितता गर्नेगरी गुठी विधेयक ल्याउनका लागि मस्यौदा बनाएर कानुन मन्त्रालय पठाइएको पनि मन्त्री अधिकारीले संसदमा बताए ।रासस

# बजेट अभावमा नारायणगढ–मुग्लिन सडकको भाँसिएको भाग बनेन

**चितवन ।** बजेट अभावमा नारायणगढ–मुग्लिन सडकको २६ किलोमा भासिएको भाग चालु आर्थिक वर्षमा नबन्ने भएको छ । सो क्षेत्रमा एक सय ६५ मिटर भाग भासिएको छ ।

गत असोजको अविरल वर्षापछि सो ठाउँमा सडक भासिएको थियो । सो क्षेत्रको ८५ मिटर लम्बाइ र ३.५ मिटर चौडाइ आठ मिटर तलसम्म भासिएको छ । बाँकी भाग चिरा परेको छ । अब बनाउँदा सबै भागलाई एकैसाथ बनाउनुपर्ने डिभिजन सडक कार्यालयका प्रमुख नारायण लामिछानेले बताए ।

चालु आर्थिक वर्षमा बजेट सुनिश्चितता हुन नसक्दा काम हुन नसकेको हो । वर्षाले कालोपत्र तलको माटोको भागलाई बगाएर खोक्रो बनाएपछि सडक भासिएको हो । अठारदेखि २५ मिटरसम्म पायल राखेर मर्मत गर्नुपर्ने उनले बताए । सोहीअनुसारको डिजाइन तयार गरेर सडक विभागमा पेस गरिएको छ । गत माघमा डिजाइन तयार गरी फागुनमा स्रोत सुनिश्चितताका पेस गरिएको भए पनि बहुवर्षे ठेक्काका लागि बजेट विनियोजन गर्ने समय समाप्त भएकाले यस वर्ष काम हुन नसकेको उनले बताए ।

भासिएको भाग मर्मत गर्न ३२ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ । हाल सडकमा थप क्षति हुन नदिन ग्याबियन जाली लगाएर अस्थायी रोकथामका काम गरिएको छ । यो सडक हुँदै राजधानी काठमाडौँ र पोखरातर्फ दैनिक १० हजारभन्दा बढी सवारीसाधन सञ्चालन हुन्छन् ।रासस

# औषधी कम्पनीले साधारण शेयर बिक्री गर्दै

**काठमाडौँ ।** साधारण शेयर बिक्रीको प्रक्रियामा रहेको कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेडको सेयर अण्डरराईटिग (धितोपत्र प्रत्याभूति)का लागि एलिट क्यापिटल लिमिटेडले जिम्मेवारी लिएको छ । एलिट क्यापिटल र कान्तिपुर फर्मास्यूटिकल्सबीच सो सम्बन्धि सम्झौतामा हस्ताक्षर भएको हो ।

एलिटले कान्तिपुरको १७ करोड रुपैयाँ बराबरको १७ लाख कित्ता साधारण शेयरको प्रत्याभूति गरेको हो ।

यससम्बन्धि सम्झौतामा मंगलवार कान्तिपुर फर्मास्यूटिकल्सका प्रबन्ध सञ्चालक नवराज पौडेल र एलिट क्यापिटलका कार्यकारी अध्यक्ष दिनेश आचार्यले हस्ताक्षर गरे । कान्तिपुर फर्मास्यूटिकल्सले शेयर बिक्रीका लागि नेपाल धितोपत्र बोर्डमा निवेदन दिएको छ । यसको बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल रहेको छ ।

कूल ६३ करोड रुपैयाँ चुक्तापुजी भएको सो कम्पनीले अंकित मूल्य १०० रुपैयाँ मा १७ लाख कित्ता आईपीओ निष्कासन गर्ने प्रक्रिया शुरु गरेको छ ।

सन् २०१८ मा स्थापित भएको यस कम्पनीले भेटेरिनरी सम्बन्धी औषधिको अनुसन्धान तथा पशुपंछीका लागि आहारपुरक सप्लिमेन्टस् उत्पादन तथा बिक्री वितरण गरिरहेका छन् ।

हाल कम्पनीले औषधि व्यवस्था विभागबाट ६१ वटा औषधिहरूको उत्पादन स्वीकृति प्राप्त गरिसकेको छ । जसमध्ये १३ वटा औषधिहरूको बिक्री वितरण प्रमाणपत्र प्राप्त गरी नेपाली बजारमा बिक्री वितरण गर्दै आइरहेको छ । अन्य औषधिहरूको बिक्री वितरण प्रमाणपत्र प्राप्त गर्ने प्रक्रियामा रहेको कम्पनीले जनाएको छ । साथै कम्पनीले २१ वटा अन्य आहारपुरक सप्लिमेन्टसहरूको समेत उत्पादन तथा बिक्री वितरण गर्दै आइरहेको छ ।रासस

# बेनी खानेपानी आयोजनाको क्षमता विस्तार



**म्याग्दी ।** सदरमुकाम बेनी बजारमा खानेपानी वितरण हुँदै आएको आयोजनाको क्षमता विस्तारसँगै जल शुद्धीकरण गर्ने संरचना निर्माण भएको छ ।

सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले दुई करोड ४६ लाख रुपैयाँ को लागतमा बराहपाखोमा पानी शुद्धीकरण गर्ने नौ लाख लिटर क्षमताका तीनवटा ट्याङ्की निर्माण गरेको हो ।

बेनी खानेपानी आयोजना उपभोक्ता समितिका अध्यक्ष रमेश गिरीका अनुसार मुहानबाट ल्याएको पानीलाई दुई चरणमा शुद्धीकरण गरेर उपभोक्तालाई आपूर्ति गरिने छ । पाइपलाइनबाट ल्याइने पानीलाई तीन लाख ५० हजार लिटर क्षमताका ‘सेडिमेन्टेसन’ ट्याङ्कीमा सङ्कलन गरिने ।

विस २०६३ मा नगर विकास कोषबाट ऋण लिएर आयोजना निर्माण गरिएको थियो । बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थामार्फत बेनी नगरपालिका वडा नं २ हाँडेभिर, वडा नं ७ र ८ बेनीबजारका एक हजार २१६ घरका २५ हजार जनसङ्ख्याका लागि खानेपानी वितरण हुँदै आएको छ ।

बेनीमा जनघनत्वसँगै खानेपानीको माग बढेकाले आपूर्तिलाई सहज बनाउन क्षमता विस्तार गरिएको हो । अन्नपूर्ण गाउँपालिका–८ मा रहेको रिठ्ठाखर्क, डाँडाखर्क र बेनी नगरपालिका–३ कोप्रे खोलाको मुहानबाट प्रतिसेकेण्ड २४ लिटर खानेपानी आपूर्ति गरेर वितरण हुँदै आएको छ । बेनीको मङ्गलाघाटस्थित म्यादी नदीको किनारबाट पानी लिफ्ट गर्ने वैकल्पिक संरचना पनि रहेको छ ।रासस

# सेवा निवृत्त शिक्षकद्वारा हाते कागज उद्योग सञ्चालन

**म्याग्दी ।** म्याग्दीको मालिका गाउँपालिका–६ दरबाङका सेवा निवृत्त शिक्षक मोतिराज गौतमले हाते कागज उद्योग सञ्चालनमा ल्याउनुभएको छ । एकचालिस ४१ वर्ष लामो शिक्षण पेसाबाट अवकाश लिएपछि गौतमले मालिका गाउँपालिका–५ थापा चौरमा जग्गा भाडामा लिएर ‘मालिकाका गज उद्योग’ सञ्चालनमा ल्याउनुभएको हो ।

एक दशकअघि सामूहिक रुपमा सुरु भएको कागज उद्योग घाटामा गएपछि बन्द भएको थियो । ६ वर्षदेखि उद्योगको सबै स्वामित्व लिएर मालिका गाउँपालिका–३ अधिभारामा हाते कागज उत्पादनलाई निरन्तरता दिनुभएका गौतमले शिक्षण पेसाबाट सेवा निवृत्त भएपछि अहिले नयाँ व्यवस्थापन र उत्पादन क्षमता बढाएर उद्योगलाई नयाँ स्वरुपमा सञ्चालनमा ल्याएको बताए ।

‘‘थापाचौरमा पाँच रोपनी जग्गा भाडामा लिएर गोदाम घर, प्रशोधन केन्द्र र कागज सुकाउनका लागि टनेल घर बनाएको छु, फ्रेममा राखेको कागज सुकाउनका लागि टनेल घर बनाएपछि पानी परेको समयमा कागज उत्पादन गर्न सकिने सुविधा भएको छ, पूर्वाधार विस्तारले उद्योगबाट कागज उत्पादन गर्ने क्षमता बढेको छ’, गौतमले भने ।



जङ्गलमा पाइने बरुवाको लोक्तालाई प्रशोधन गरेर हाते कागज बनाउने गरिन्छ । उद्योगमा मालिका गाउँपालिका–२ रुम र ३ डाँडागाउँका चार सामुदायिक वनबाट उपभोक्ताहरुले बरुवाको लोक्ता सङ्कलन गरी बिक्री गर्दै आएका छन् । सङ्कलन कर्ताबाट उद्योगले प्रतिकिलो ८० रुपैयाँ देखि एक सय रुपैयाँ सम्ममा लोक्ता खरिद गर्दै आएको छ । उद्योगले कागजको प्रयोजनअनुसार धुप बनाउनका लागि ७ ग्राम, कार्यालय प्रयोजनका लागि २० ग्राम र चिना लेख्ने नेपली कागज ४० ग्रामको गुणस्तरमा उत्पादन गर्दै आएको छ ।

उद्योगमा उत्पादन भएको हाते कागज म्याग्दीका साथै, बागलुङ, कास्की र काठमाडौँसम्म खपत हुने गरेको छ । उद्योगमा बाटेको धुप बनाउने, कार्यालय प्रयोजनका लागि फोटोकपी पेपर, चिना, तमसुक र निवेदन लेख्ने प्रयोजनका लागि हाते कागजको माग आउने गरेको सञ्चालन गौतमले जानकारी दिए । उद्योगमालोक्तालाई प्रशोधनकालागिविद्युतियबोयल, बिटर र कटिङ मेसिन जडान गरिएको छ । ‘लोक्ताबाट कागजबनाउने परम्परागत र रैथाने सिपहो, जंगलमा खेर गएको लोक्ताको उपयोग गरी स्थानीय स्तरमाआयआर्जन र रोजगारि बढाउनु मेरो प्रमुखउदेश्य हो, कागजकिन्नकै लागिबाहिरीने पैसालाई स्थानीय स्तरमै रोक्न सकिन्छ कि भन्ने लागेर यतालागेको छु’ उनले भने ।

विसं २०७६ देखि एकल रुपमा हाते कागज उद्योग सञ्चालन गर्दै आउनुभएका गौतमको उद्योगमा अहिले दैनिक पाँच जनाले रोजगारी पाएका छन् । गौतम दम्पत्ति उद्योग स्थापना गरेर स्वरोजगार बन्नेका छन । एकै पटक छ सय फ्रेममा कागज उत्पादन गर्ने क्षमता रहेको यस उद्योगमा रङ्गीन नेपाली कागज उत्पादन गर्न थालिएको छ । मेसिन, औजार उपकरण र सामग्री खरिद तथा व्यवस्थापनमा २५ लाख रुपैयाँ लगानी भएको उद्योगका सञ्चालन गौतमले जानकारी दिए । उद्योगबाट वार्षिक १५ लाख बढीको कागज बिक्री हुने गरेको छ । गौतम परिवारले दरबाङ बजारमा मालिका हेन्डिग्राफ स्टोर्स सञ्चालन गरेर उद्योगबाट तयार हुने हाते कागजबाट नोटबुक, रजिष्टर, फाइल, खामलगायत सामग्री उत्पादन गरेर बिक्री गर्दै आएका छन् ।

मालिका कागज उद्योगको स्तरीकरणमा गाउँपालिका र गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयले सघाएका छन् । यस वर्ष मन्त्रालयले हाते कागजलाई अन्तिम रुप दिने क्यालेण्डिङ मेसिन खरिदमा एक लाख ५० हजार रुपैयाँ अनुदान उपलब्ध गराएको छ । मालिका गाउँपालिकाले हाते कागज उद्योगमा कागज सुकाउनका लागि टनेल घर निर्माण, ट्रसको छानो निर्माण र पानी व्यवस्थापनमा दुई लाख ५० हजार रुपैयाँ सहयोग गरेको गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजाले जानकारी दिए ।

गाउँपालिकाले स्थानीय स्तरमा उद्यमशिलताको विकासमा गाउँपालिकाले सीप, प्रविधि र पूर्वाधार निर्माणमा सघाउने गरेको बताए । यस उद्योगले जिल्लामा रहेका स्थानीय तह र सरकारी कार्यालयले प्रयोग गर्ने नेपाली कागज जिल्लामै उत्पादन भएको कागजलाई उपयोग गर्ने नीति ल्याएमा उद्योगको क्षमता विस्तार गर्ने र धेरैलाई रोजगारी सिर्जना गर्न सकिने जनाएको छ ।

म्याग्दीको मालिका गाउँपालिकाका साथै, धवलागिरी, मङ्गला, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाको दुई हजार चार सय मिटरदेखि तीन हजार दुई सय मिटर चाईसम्मको जङ्गलमा प्रशस्त मात्रामा बिरुवा पाइने गर्छ । एक पटक बिरुवाको लोक्ता निकालेपछि पुनः पाँच वर्षपछि सोही बिरुवाबाट लोक्ता निकाल्न सकिन्छ । म्याग्दीमा यसअघि हाते कागज उद्योग सञ्चालनमा आउने र बन्द हुने क्रम जारी छ । वन पैदावारमा आधारित उद्योग भएकाले कच्चापदार्थ सङ्कलन, उद्योग सञ्चालनदेखि उत्पादन भएका सामग्रीको निर्यातमा झण्झटीलो कानुनी प्रक्रियाको कारण हाते कागज उद्योगको स्थायित्व र दिगोपनामा चुनौती देखिएका छन् ।रासस

# जियो हटस्टारले किन्यो भारत–इंग्ल्याण्ड सिरिजको डिजिटल अधिकार



**मुम्बई ।** जिओ हटस्टारले भारत र इंग्ल्याण्डबीच अर्को महिना हुने टेस्ट सिरिजको डिजिटल प्रसारण अधिकार खरिद गरेको छ ।

तर, टेलिभिजन अधिकार भने अझै सोनी टिभीसँग छ । क्रिकबजको रिपोर्टका अनुसार जिओ र स्टारले सोनीसँग १ महिनाका लागि यो सम्झौतामा हस्ताक्षर गरेका हुन ।

भारत र इङ्ल्यान्डबीचको ५ टेस्ट शृङ्खला आगामी जुन २० बाट सुरु हुदैँछ । खेलहरू सोनीमा टिभी र जियोहटस्टारमा अनलाइन प्रसारण हुनेछन् । आजकल आइपीएल पनि जिओहटस्टारमा प्रसारण भइरहेको छ ।

सोनी र जियो स्टार बीचको अस्थायी सम्झौता अर्को वर्ष पनि जारी रहने जनाइएको छ भारतले २०२६ मा इंग्ल्याण्ड भ्रमणमा ३ ओडीआईसहित ५ वटा टि २० शृंखला पनि खेल्दैँछ । सम्झौता पछि यसका खेलहरू ओटिटी मार्फत जियो हटस्टारमा पनि देखाइने छ ।

सोनी टिभीले गत वर्ष मात्रै इङ्ल्यान्ड क्रिकेट बोर्ड (ईसीबी) को प्रसारण अधिकार किनेको थियो । सन २०३१ सम्म सो अधिकार रहेको छ । यस अन्तर्गत भारतीय दर्शकहरूले इङ्गल्याण्डमा हुने सबै क्रिकेट खेलहरू सोनीमा मात्र हेर्न सक्नेछन् ।

जियो, स्टार र सोनी बीचको नयाँ सम्झौतामा इसिबीले पनि ठूलो भूमिका खेलेको जनाइएको छ ।

भारत र इंग्ल्याण्डबीचको टेष्ट शृंखलाको पहिलो खेल जुन २० देखि लिड्समा हुनेछ । दोस्रो टेस्ट जुलाई २ देखि बर्मिङ्घममा, तेस्रो टेस्ट जुलाई १० देखि लड्र्समा, चौथो टेस्ट जुलाई २३ देखि म्यानचेस्टरमा र पाँचौं र अन्तिम टेस्ट लन्डनको ओभल मैदानमा जुलाई ३१ देखि अगस्ट ४ सम्म हुनेछ । एजेन्सी

# कोरोनालाई हेप्दा एक सातामै ३५० अमेरिकनको मृत्यु

**वासिंगटन डिसी, ।** अमेरिकामा कोरोनाले अझै ज्यान लिइरहेको छ ।

सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सीडीसी) का अनुसार पछिल्लो एक सातामा कोभिड–१९ का कारण ३५० अमेरिकीको मृत्यु भएको छ । यो संख्या पहिलेको तुलनामा कम भएपनि चिन्ता भने कायमै रहेको उसले जनाएको छ ।

कोभिडको नयाँ सब–भ्यारियन्ट एनबी १.८.१ अमेरिका, सिंगापुर र हङकङ लगायत एशियामा तिब्र गतिमा फैलिरहेको छ । वैज्ञानिकहरूका अनुसार यो भेरियन्ट अझ छिटो फैलिने देखिएको छ । यद्यपि यसको गम्भीरताबारे अनुसन्धान भने जारी रहेको सिडिसीले जनाएको छ ।

खासमा अमेरिकामा २३ प्रतिशत वयस्कहरूले मात्र अद्यावधिक खोप लिएका छन् । यो संख्या बालबालिकामा पनि कम छ, केवल १३ प्रतिशत मात्रै । समयसँगै खोप नलिनु र रोग प्रतिरोधात्मक क्षमता कमजोर हुनु दुवै कारण यो समस्या बनिरहेको विज्ञहरू बताउँछन् ।

नयाँ भाइरसले वृद्धवृद्धा र पहिलेदेखि नै बिरामी भएकाहरूलाई बढी असर गरिरहेको छ । त्यसैले ६५ वर्षभन्दा माथिका व्यक्तिहरूलाई प्रत्येक ६ महिनामा दुई डोज खोप लिन सल्लाह सिडिसीले दिएको छ ।

अर्को ठूलो कारण भनेको अवस्था बिग्रिएसम्म मानिसहरू उपचार गर्न नखोज्नु पनि मानिएको छ । मोल्नुपिराभिर (मर्क), प्याक्सलोभिड, फाइजरं जस्ता एन्टिभाइरल चक्कीहरू अमेरिकामा उपलब्ध छन्, जुन लक्षणहरू देखा परेको पाँच दिन भित्र लिन सकिन्छ । तर, धेरैले सही समयमा सो औषधी प्रयोग गर्दैनन् । समयमै परीक्षण र औषधिले गम्भीर संक्रमणबाट बच्न सकिने चिकित्सकहरू बताउँछन् । एजेन्सी

# ७३ बर्षपछि पनि नहटने भयो साउदीमा मदिरामाथी लगाइएको प्रतिबन्ध

**रियाद ।** साउदी अरबमा मदिरा माथिको प्रतिबन्ध हटने भन्ने समाचार हल्ला मात्रै भएको छ ।

साउदी अधिकारीहरूले खाडी देशमा मदिरा माथिको ७३ वर्षदेखिको प्रतिबन्ध हटाउने कुनै योजना नरहेको बताएका छन् ।

साउदीले मदिरा माथी प्रतिबन्ध हटाउने केही मिडियाले दाबी गरे पनि त्यसलाई रिपोर्टलाई अस्वीकार गरेको छ ।

सन् २०३४ मा साउदी अरेबियाले फुटबल विश्वकप आयोजना गर्ने तयारी गरिरहेकाले मदिरा माथीको ७ दशक लामो प्रतिबन्ध हटाउन लागिएको मिडियामा दाबी गरिएको थियो ।

समाचारमा भनिएको थियो कि साउदी अधिकारीहरुले पर्यटकहरुलाई मदिरा बेच्ने योजना बनाइरहेका छन् । गत हप्ता मात्रै यो दाबी एक वाइन ब्लगमा प्रकाशित भएको त्यसपछि यो खबर अन्तर्राष्ट्रिय मिडियामा फैलिन पुगेको थियो ।

यद्यपी यो समाचारको स्रोतबारे भने केही जानकारी दिइएको छैन । एक समयको गहिरो रूढिवादी देशले आफ्नो अर्थतन्त्रलाई विविधीकरण गर्न तथा पर्यटक र अन्तर्राष्ट्रिय व्यवसायहरूलाई आकर्षित गर्न केही प्रतिबन्धहरूमा भने अहिले कम गरेको छ ।

तर खाडी राष्ट्रहरूमध्ये साउदी अरेबिया र कुवेत मात्र छन्, जहाँ मदिरा बिक्रीमा प्रतिबन्ध लगाइएको छ ।एजेन्सी

# सहकारी पीडितलाई देखाइयो 'महाभोज'

**काठमाडौँ ।**

सहकारी संस्थाको रकम अपचलन भएको विषयलाई लिएर तयार गरिएको चलचित्र 'महाभोज' सहकारी पीडितलाई देखाइएको छ । सो चलचित्रको निर्माण समूहद्वारा सुन्धारास्थित एक चलचित्र भवनमा आयोजित विशेष प्रदर्शनीपछि सहकारी पीडितहरूले कथामा आफैलाई पाएको प्रतिक्रिया दिएका छन् ।

पहिलो रङ्गीन चलचित्र 'कुमारी' की अभिनेत्री चैत्यदेवी सिंहले चलचित्र हेरेपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै वास्तविकता हेरेझैँ लागेको बताए ।

उनले भने, 'चलचित्र हेरिरहदा वास्तविकता हेरेझैँ लाग्यो । म आफैँ पनि एक सहकारीबाट पीडित भएका कारण आवाज उठाउने, अनसन बस्ने गरेकी थिएँ । यो चलचित्रले हामीजस्ता पीडितको आवाजलाई उजागर गरेको आभाष भएको छ । मैले चलचित्र हेरिरहँदा देखाइएको पात्र र कथामा आफूलाई महसुस गरेँ ।'

अभिनेत्री सिंहझैँ अभिनेता तथा निर्देशक निश्चल बस्नेतले समसामयिक विषयलाई चलचित्रकै शैलीमा प्रस्तुत गरिएकाले दर्शकले 'महाभोज' हेर्दा मनोरञ्जन पनि पाउने बताए ।

चलचित्रमा उठाइएको विषयवस्तुलाई न्यायपूर्ण तरिकाले प्रस्तुत गरिएको छ । चलचित्र समसामयिक र गहन विषयमा भएपनि यो उत्तिकै रोचक छ । यसले आमदर्शकलाई कौतुहलता पैदा गराउँदै मनोरञ्जन दिन्छ भन्नेमा विश्वस्त छु', निर्देशक बस्नेतले भने ।

सहकारीमा जीवनभर रकम बचत गरेका मानिसले रकम फिर्ता नपाउँदा जीविकोपार्जनका क्रममा भोग्नुपरेको कठिनाइलाई चलचित्र 'महाभोज' मा प्रस्तुत गरिएको निर्देशक दिनेश राउतले बताए ।

सहकारीमा भएको रकम अपचलन र त्यसले समाजमा परिरहेको प्रभावलाई बुझ्दै गएपछि यो विषयलाई चलचित्रमा उठान गर्नुपर्छ भन्ने लाग्यो र चलचित्र तयार गरेको छु । चलचित्रलाई समाजको ऐना पनि भनिन्छ, त्यसैले अहिलेको समसामयिक विषयलाई यस चलचित्रमा प्रस्तुत गरेका हौँ ।

हामी चलचित्रकर्मीको यो दायित्व पनि हो, किनकि हामीले वेथितिलाई कलाका माध्यमले उजागर गर्नुपर्छ', उनले भने ।

चलचित्रमा सहकारीको नाममा ठगिएका सर्वसाधारणको पीडा, राजनीतिक पहुँचको आडमा गरिएको दुरुपयोग र सामाजिक असमानताको कुरालाई सशक्तरूपमा उठाइएको उनले बताए । निर्देशक राउतका अनुसार उक्त प्रदर्शनीमा सहकारी पीडित ६० व्यक्तिले चलचित्र हेरेका थिए ।

चलचित्रमा अभिनेता दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, वसुन्धरा भुसाल, मोहन निरौलालगायतका कलाकारले अभिनय गर्नुभएको छ ।

विकास सुवेदीद्वारा लिखित कथा तथा पटकथामा तयार पारिएको चलचित्रलाई 'क्लकवर्क क्रियशन' र 'पिक्चर फ्रेम'ले संयुक्त रूपमा निर्माण गरेको हो । उक्त चलचित्र यही जेठ १५ गतेबाट नेपालभर प्रदर्शन हुने निर्माण पक्षले जानकारी दिएको छ ।रासस

# प्रधानमन्त्रीसँग न्युजिल्याण्डका उपप्रधानमन्त्रीको शिष्टाचार भेट

**काठमाडौँ ।**

प्रधानमन्त्री केपी शर्मा ओलीसँग न्युजिल्याण्डका उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री विन्स्टन पिटर्सले बुधवार शिष्टाचार भेट गरेका छन । प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटका अवसरमा दुईपक्षीय हित, आपसी सम्बन्ध एवं बहुपक्षीय सहकार्यलाई अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो ।



उनिहरूबीच कृषि, पर्यटन, शिक्षा, व्यापार र लगानीका क्षेत्रमा सहकार्यमा प्रशस्त सम्भावना रहेकामा समान मत रहेको थियो ।

प्रधानमन्त्री ओलीले वर्तमान सरकारले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाका साथ स्थिरता, विकास, सुशासन, सामाजिक न्याय र सामाजिक रूपान्तरणलाई प्राथमिकता दिएको अवगत गराए । उपप्रधानमन्त्री पिटर्सले नेपालको विकास र समृद्धिका साथै अन्तरराष्ट्रिय मञ्चमा दुई देशबीचको सहकार्य अभिवृद्धि गर्नुपर्नेमा जोड दिए ।भेटका अवसरमा परराष्ट्र मन्त्रालयका उच्चाधिकारी लगायत सहभागी थिए । सन् १९५३ मे २९ मा विश्वको सर्वोच्च शिखर सगरमाथामा सर्वप्रथम नेपालका तेन्जिङ नोर्गे र न्युजिल्याण्डका सर एडमण्ड हिलारीले सफल आरोहण गरेकाले पनि दुई देशबीचको सम्बन्ध नजिक भएको छ ।रासस

# मिस युनिभर्स नेपाल २०२५ को लागि दर्ता खुला

## यस वर्ष रियालिटी शोको स्वरूपमा प्रस्तुत हुने

**काठमाडौं ।**

बहुप्रतिक्षित राष्ट्रिय सौन्दर्य प्रतियोगिता मिस युनिभर्स नेपाल २०२५ को लागि दर्ता औपचारिक रूपमा खुला गरिएको छ।

ग्लोबल ग्ल्यामर भेन्चरको आयोजनामा बुधबार काठमाडौंस्थित हिल्टन होटलमा आयोजित विशेष कार्यक्रममा यो घोषणा गरिएको हो।

कार्यक्रममा मिस युनिभर्स नेपालकी राष्ट्रिय निर्देशक सङ्गीता पुरीले सम्पूर्ण ब्रह्माण्डमा नेपाली महिलाहरूको असीम क्षमता उजागर गर्ने प्लेटफर्म भएको बताइन्।

प्रतियोगिताको समावेशी र लोकतान्त्रिक स्वरूपबारे जानकारी दिँदै उनले भनिन्, 'तपाईं जस्तो हुनुहुन्छ, त्यही नै तपाईंको सौन्दर्यता हो।' उनले अगाडि थपिन्, 'हामी सबै पृष्ठभूमिका महिलाहरूलाई स्वागत गर्दछौं। यो मञ्च आत्मविश्वास देखाउने, अवसर समाउने र सम्पूर्ण ब्रह्माण्डमा नेपाली महिलाहरूको असीम क्षमता उजागर गर्ने प्लेटफर्म हो।'




यो वर्ष प्रतियोगिता आठ भागमा आधारित रियालिटी टिभी शो को रूपमा प्रस्तुत गरिनेछ। यस माध्यमबाट दर्शकहरूले प्रतियोगीहरूको यात्रा, चुनौती र परिवर्तनलाई नजिकबाट अनुभव गर्न सक्नेछन्।

दर्ता प्रक्रिया जेठ १५ देखि असार १५ सम्म खुला रहनेछ। इच्छुक सहभागिहरूले खल्ती एप, मिस युनिभर्स नेपालको वेबसाइट वा सोसल मिडिया प्लेटफर्म मार्फत दर्ता गर्न सक्नेछन्। सहभागी महिला कम्तीमा १८ वर्ष उमेर पुगेको र प्लस टु वा सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

प्रतियोगिता समावेशी मूल्यमा आधारित रहेकाले उचाइ, तौल वा वैवाहिक स्थितिमा कुनै प्रतिबन्ध नराखिएको आयोजकले जानकारी दिएको छ। नेपाली नागरिकसँगै गैरआवासीय नेपाली महिलाहरूले पनि प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन्।

कार्यक्रममा मिस युनिभर्स नेपाल २०२५ सम्पदा घिमिरे, अन्तर्राष्ट्रिय श्रम संगठन नेपालका देश निर्देशक नुमान ओजकान, मिस युनिभर्स राष्ट्रिय निर्देशक सङ्गीता पुरी, कोरियोग्राफर दिक्पाल कार्की तथा मिस युनिर्भ नेपालकी अध्यक्ष साबी पुरीको विशेष उपस्थिति रहेको थियो।

प्रतियोगिताका टप प्रतिस्पर्धीहरूले साउन महिनामा २५ दिने इन्टेन्सिभ ट्रेनिङ प्राप्त गर्नेछन् भने भदौमा क्लोज क्याम्प सञ्चालन हुनेछ। ग्रान्ड फिनाले भदौमा महिनामा आयोजना गरिनेछ।

मिस युनिभर्स नेपालले यस वर्ष समाजसेवा र सामाजिक कल्याणका क्षेत्रमा अन्तर्राष्ट्रिय श्रम संगठनसँग सहकार्य गर्ने घोषणा समेत गरेको छ।

# उर्जामन्त्री खड्कासँग अमेरिकी राजदूतको भेट

## एमसीसी परियोजनाबारे छलफल

**काठमाडौं ।**

उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री दीपक खड्कासँग नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनबीच भेटवार्ता भएको छ ।



उर्जा मन्त्रालयमा आज भएको भेटमा दुई देशबीचको उर्जा सहकार्य र मिलिनियम च्यालेन्ज कर्पोरेशन ९एमसीसी० परियोजना कार्यान्वयनका विभिन्न पक्षमा छलफल भएको हो । भेटमा उर्जामन्त्री खड्काले एमसीसी परियोजनामार्फत अगाडि बढाइएका आयोजनाको काम निरन्तर अगाडि बढीरहेपनि एमसीसी केही समयदेखि होल्ड भएकाले केही अन्यौलता सिर्जना गरेको बताए । उनले एमसीसी परियोजना निरन्तर अगाडि बढ्ने र उर्जा क्षेत्रमा अमेरिकाको थप सहयोग हुने विश्वास व्यक्तसमेत गरे ।

भेटमा अमेरिकी राजदुत थम्पसनले नेपालको उर्जा क्षेत्रमा अमेरिकाको निरन्तर साथ र सहयोग रहने बताउनुभयो । एमसीसी परियोजनालाई अगाडि बढाउन हरसम्भव पहल र प्रयास भइरहेको उनको भनाई थियो । उहाँले अहिले एमसीसीअन्तर्गत अगाडि बढाइएका आयोजनालाई निरन्तर अगाडि बढाउन नेपाल सरकारको तर्फबाट गरिनुपर्ने सहयोगका लागि आग्रह गरे ।

एमसीसी अन्तर्गत सञ्चालित एमसीए परियोजनाका लागि अमेरिकाले ५०० मिलियन डलर र नेपालले १९७ मिलियन डलर खर्च गर्ने सम्झौता भएको थियो । उक्त परियोजना अन्तर्गत लप्सीफेदी–रातमाटे, रातमाटे–दमौली, दमौली–बुटवल र बुटवल–नेपाल–भारत सीमासम्म (गोरखपुर) ४०० केभी प्रसारण लाईन र सम्बद्ध सवस्टेशनहरु निर्माण हुनेछ ।

भेटमा एमसीसी तथा एमसीएका प्रतिनिधी तथा मन्त्रालयका उच्च अधिकारीहरुको सहभागीता रहेको थियो ।

# कसैको विरोधमा होइन, जनताको उपलब्धिको खुशीयाली

## साटासाट गर्न गणतन्त्र दिवस मनाइने होः महासचिव



**काठमाडा ।**

नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले गणतन्त्र उत्सव जनताको एउटा खुशी र गौरवको दिन हो भन्ने जानकारी दिन मनाउन थालिएको बताए ।

ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा आज प्रेस चौतारी नेपालले गणतन्त्र उत्सवको तयारीका सम्बन्धमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले गणतन्त्रलाई उत्सवको रुपमा हुँदैछ भन्ने थालनी आफूहरुले भोलिको गणतन्त उत्सव कार्यक्रमबाट सन्देश दिन खोजेको बताए ।

'संविधान सभाका ऐतिहासिक फैसला स्वीकार गरेका पूर्व राजा ज्ञानेन्द्र र संविधानको विपक्षमा लोकतन्त्रको विरोधमा जुन खालको गतिविधि गरिरहेको हामीले देखिरहेका छौ,' उनले भने, 'त्यस्तो अवस्थामा नेपाली जनतालाई गणतन्त्रका उत्सवका रुपमा हाम्रो पार्टीले महसुस गरयौ र त्यसै अनुरुप हाम्रो पार्टीले जेठ १५ गतलाई गणतन्त्र उत्सवमा मनाउने निर्णण गरौ र तयारीमा जुटेका छौ ।'

महासचिव पोखरेलले साँस्कृतिक झाँकी सहित उत्सवको रुपमा दिवस मनाइनेसमेत बताए ।

'हाम्रो देश भाषिक जातिय र सांस्कृतिकयुक्त देश भएको नाताले जनता सार्वभौमसत्ता सम्पन्न भएको ऐतिहासिक दिनलाइ जनउत्सवको रुपमा मनाउने भएकोले त्यो विविधितालाई भोलि आयोजना हुने कार्यक्रमका माध्यमबाट प्रकट गर्न चाहन्छौ,' उनले भने, 'हाम्रो कार्यक्रममा विभिन्न जातजातिका समुदाय, विशेगा सांस्कृतिक भेषभुषा, बाजाजागा सांस्कृतिक झाकी सहित हुने छ । यसले एउटा विशिष्ट छाप छाडने छ ।'

महासचिव पोखरेलले मुलुकको सबै ध्यान राजनीतिक व्यवस्था पुगिसकेकोले अवको आफूहरुको ध्यान विकास र समृद्धको दिशातर्फ केन्द्रीत हुनुपर्नेमा जोड दिए ।

उनले राजनीतिक दलबीच सहमति भयो भने संविधानमा समेत संशोधन गरेर गणतन्त्र दिवसलाई विशेष समारोह गर्ने गरि बजेट प्रस्तुत गर्ने दिनलाई फरक दिनमा लैजाने उपयुक्त हुने बताए ।

'जुन दिनले हामीलाई सार्वभौमसत्ता सम्पन्न बनायो । जनअधिकारलाई स्थापिति गर्ने काम गर्ने गरयौ । त्यो दिनलाई कमजोर बनाउने काम भइरहेको छ,' उनले भने, 'त्यो जनताका लागि स्वीकार्य छैन भन्ने खालको सन्देश जनताको खुशीयालीको माध्यमबाट प्रकट गर्नुपर्दछ भन्ने । कसैको विरोध होइन जनताको उपलब्धिको खुशीयाली साटासाट गर्ने समारोहका रुपमा आयोजना गर्न थालेका हौ ।'

उनले एमाले मात्र होइन, सवै राजनीतिक दलका प्रतिनिधि जेठ १५ गतेको गणतन्त्र उत्सवको दिनको समारोहमा सामेल भएर गणतन्त्रलाई उत्सवका रुपमा मनाउन हातेमालो गर्न आग्रह गरेका छन् ।

# प्रधानमन्त्रीले गरे धुलिखेलमा 'ट्रमा एण्ड इमर्जेन्सी सेन्टर' को शिलान्यास



**काभ्रेपलाञ्चोक ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले काभ्रेपलान्चोकको धुलिखेल नगरपालिका–६ स्थित धुलिखेल अस्पतालको ट्रमा एण्ड इमर्जेन्सी सेन्टर भवनको आज शिलान्यास गरेका छन ।

नेपाल सरकारको पहलमा धुलिखेल अस्पताल र जापान अन्तरर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका) बीचको समझदारी अनुसार जापान सरकारको सहयोगमा सेन्टर निर्माण हुन लागेको हो ।

उक्त अस्पतालमा ट्रमा एण्ड इमर्जेन्सी सेन्टर (आन्तरिक अनुदान) को सुधार परियोजनाका लागि जापान सरकारले थप तीन अर्ब दुई करोड ९६ लाख यान अनुदान दिनेछ । सगरमाथा संवादका क्रममा जापानका परराष्ट्र उपमन्त्री इक्युना आकिकोको नेपालमा भ्रमणका क्रममा उक्त सम्झौतामा दुईपक्षीय हस्ताक्षर भएको थियो ।

यही जेठ २ गते अर्थ मन्त्रालयमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र जापानका संसदीय उपविदेशमन्त्री इकुइना अकिकोबीच उक्त अनुदान सहायता सम्झौतामा हस्ताक्षर भएको थियो ।

आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट तीन अर्ब दुई करोड ९६ करोड यानको अनुदान सहयोगमा सन् २०२३ मा हस्ताक्षर भइसके पनि मूल्यवृद्धि र अन्य कारणले आर्थिक अभाव भएपछि अहिले थप अनुदान उपलब्ध गराइएको जनाइएको छ । निर्माण सम्झौतामा जापान सरकारले ६० प्रतिशत भवनमा र सबै प्रकारका मेडिकल उपकरणका लागि ४० प्रतिशत सहयोग गर्ने उल्लेख छ । सेन्टरमा पार्किङ, आइसियु, ३ वटा अप्रेसन थिएटर, एचडियु, ल्याब, फार्मेसी, फोहोर व्यवस्थापनलगायत आवश्यक सबै सेवाहरु उपलब्ध हुने छ ।

यस्तै, सेन्टर सञ्चालनका लागि ३ तला बेसमेन्टसहित ५ तलाको भवन निर्माण हुने आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन (इआइए) प्रतिवेदनमा उल्लेख गरिएको छ। शिलान्यास कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल, संघीय सांसद् गोकुलप्रसाद बाँस्कोटालगायत सहभागी थिए ।

# गणतन्त्र दिवसमा मधेश सरकारद्वारा तीनदिने जनमुखी कार्यक्रम

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



गणतन्त्र दिवसको पूर्वसन्ध्यामा मधेश प्रदेश सरकारले संघीय लोकतान्त्रिक प्रणालीप्रतिको प्रतिबद्धतालाई जीवन्त बनाउने उद्देश्यका साथ विशेष कार्यक्रमहरूको आयोजना गरेको छ । गृह, सञ्चार तथा कानुन मन्त्रालयको नेतृत्वमा आयोजित तीनदिने कार्यक्रमअन्तर्गत बुधबार पहिलो दिन मधेश सरकारको प्रशासनिक तथा आवास क्षेत्र रहेको 'मधेश भवन'मा सरसफाइ गरिएको हो । गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी स्वयं सरसफाइ कार्यमा सहभागी भए । उनको नेतृत्वमा मन्त्रालयका कर्मचारी, नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्तरूपमा मधेश भवनको प्रशासनिक क्षेत्रदेखि आवास क्षेत्रसम्म सरसफाइ गरेका थिए । मन्त्री लेखीले मधेश भवनभित्र गृह मन्त्रालयबाहेकका अन्य मन्त्रालय र कर्मचारी आवास क्षेत्रमा नियमित सरसफाइ नहुँदा वातावरणीय सन्तुलनमा असर परेको भन्दै चिन्ता व्यक्त गरे । 'यदि सबै मन्त्रालय र कर्मचारीले आफ्नो आवास तथा कार्यक्षेत्र सरसफाइमा ध्यान दिए भने सकारात्मक सन्देश बाहिर जान्छ,' मन्त्री लेखीले भने, 'सरसफाइ आफैंमा नागरिक उत्तरदायित्वको अभिन्न अङ्ग हो ।' मन्त्री लेखीले मधेशमा सुरक्षा संयन्त्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले अपराध न्यूनीकरणमा उल्लेखनीय काम गरेको उल्लेख गर्दै मन्त्रालयबाट उनीहरूको कामका आधारमा थप सुविधा र प्रोत्साहन उपलब्ध गराउने प्रतिबद्धता जनाए । गणतन्त्र दिवसका अवसरमा गृह मन्त्रालयले तीनदिने विशेष कार्यक्रम तय गरेको छ । बुधबारको सरसफाइ अभियानपछि बिहीबार जनकपुरधाममा प्रेस स्वतन्त्रता सेनानीहरूलाई सम्मान गरिने कार्यक्रम तय भएको छ । नेपाल पत्रकार महासंघको संयोजनमा हुने कार्यक्रममा मधेश प्रदेशका आठै जिल्लाबाट दुई–दुईजना स्वतन्त्रता सेनानीलाई नगदसहित कदरपत्र प्रदान गरिने मन्त्री लेखीले जानकारी दिए । गृहमन्त्री तथा सरकारका प्रवक्ता लेखीले सञ्चारकर्मीहरूको योगदानलाई राज्यले औपचारिक रूपमा सम्मान गर्नु आवश्यक रहेको बताए । उनले भने, 'निरङ्कुश राज्य प्रणालीविरुद्धको लडाइँमा सञ्चारकर्मीको अतुलनीय योगदान रह्यो । त्यसैले गणतन्त्र दिवसको अवसरमा उनीहरूको योगदानलाई सम्मान गर्न हामी प्रतिबद्ध छौं ।' कार्यक्रमको अन्तिम दिन शुक्रबार जानकी मन्दिर परिसरमा सरसफाइ अभियान र मानव सेवा आश्रमका लक्ष्मीनारायणहरूलाई भोजन खुवाउने कार्यक्रम आयोजना गरिने छ ।

# नगरपालिकाको गाडीले ठक्कर दिएको किशोर अस्पतालमै बन्धक, आफन्तको अनिश्चितकालीन धर्ना



**मनोज माझी**
**सप्तरी ।**

नगरपालिकाको गाडीको ठक्करबाट गम्भीर घाइते भएका एक किशोरको उपचार वापतको खर्च अस्पताललाई बुझाउन नसक्दा विगत एक महिनादेखी डिस्चार्ज हुन नपाएको भन्दै उनका आफन्त तथा स्थानीयले बुधबारदेखी राजविराज नगरपालिका कार्यालयमा धर्ना शुरु गरेका छन् । सप्तरीको बोदेबरसाइन नगरपालिका–१ निवासी १६ वर्षीय राजेश कुमार यादव गत माघ १ गते राजविराज नगरपालिकाको स.१ झ. ४८१ नम्बरको स्कारपियोको ठक्करबाट गम्भीर घाइते भएका थिए ।

घरबाट बजारतर्फ जाँदै गरेको अवस्थामा राजविराजबाट जनकपुरतर्फ गइरहेको उक्त गाडीले ठक्कर दिँदा यादव गम्भीर घाइते भएका थिए । हात र खुट्टा भाँचिनुका साथै टाउँकोमा गम्भीर चोट लागेका उनलाई प्रहरीले उपचारका लागि सोही दिन विराटनगरस्थित विराट नर्सिङ्ग होममा भर्ना गराएको थियो । बिदाका दिन जनकपुरतर्फ जाँदै गरेको सो गाडीमा राजविराज नगरपालिका वडा नं. २ का वडाअध्यक्ष अरुण यादवसहितका केही व्यक्ति सवार रहेको र यादवलाई ठक्कर दिएपछि उक्त गाडी तत्कालै त्यहाँबाट भागेपनि पाँच किलोमिटर टाढा वेवारिसे अवस्थामा प्रहरीले गाडी फेला पारेको थियो । उक्त गाडी भने चालक विनोद साहले चलाइरहेको नगरपालिका स्रोतले जनाएको छ । उपचारका क्रममा ९२ दिनपछि होसमा आएका छोराको उपचारबापतको २५ लाख मध्ये नगरपालिकाले अहिलेसम्म २ लाख रुपैयाँ मात्र दिएको बुबा रघुनाथ यादवको भनाई छ । २३ लाख रुपैयाँ थप बुझाउन नसक्दा अस्पतालले डिस्चार्ज गर्न नमानेको र बाध्य भई धर्नामा बस्नु परेको उनले सुनाए । नगरपालिकाले विभिन्न बहाना देखाउँदै थप रकम दिन आलटाल गर्ने गरेको र आफुसँग त्यत्रो ठूलो रकम तिर्ने हैसियत नहुँदा छोरालाई घर ल्याउन नसकिएको उनले लाचारी सुनाए । उनले उपचार खर्च तिर्न नसक्दा छोरा अस्पतालमा 'बन्धक' बनेको भन्दै नगरपालिकाले उपचार खर्च नतिरेसम्म धर्ना जारि राख्ने अडान समेत व्यक्त गरेका छन् ।

बोदेबरसाइन नगरपालिकाबाट बालकका आफन्तसहित करिब सय जनाको संख्यामा आएका स्थानीयले मूल गेटमै धर्ना कार्यक्रम शुरु गरेका छन् । लगातार पाँच दिनदेखी विभिन्न माग राखी सरसफाइकर्मीले काम छाडेर नगरपालिकामा शुरु गरेको धर्ना कार्यक्रम फिर्ता लिएको दुई दिन नबित्दै पुनः अर्को पीडित पक्षले धर्ना शुरु गरेपछि नगरपालिकाको सेवा प्रवाहामा समस्या उत्पन्न भएको छ ।

# 'संघीय गणतान्त्रिक गठबन्धन' घोषणा हुँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

देशमा संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रमाथि बारम्बार भइरहेको प्रहार र चुनौतीको प्रतिकारस्वरूप अब पाँच राजनीतिक दलहरूले नयाँ वैकल्पिक राजनीतिक शक्ति निर्माणको घोषणा गर्ने भएका छन् । 'संघीय गणतान्त्रिक गठबन्धन' नाम दिइएको यो गठबन्धनको औपचारिक घोषणा बिहीबार गणतन्त्र दिवसकै अवसरमा जनकपुरधामबाट गरिनेछ । जनकपुरधाममा सम्पन्न उच्चस्तरीय छलफलपश्चात् नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष मोहम्मद रिजवान अन्सारीले गठबन्धनको औचित्य स्पष्ट पार्दै भने, 'रगत बगाएर ल्याइएका उपलब्धिहरूमाथि प्रहार भइरहेका बेला अब प्रतिरोध र संरक्षणको साझा मोर्चा अपरिहार्य छ ।' उनले संघीयता, गणतन्त्र र समावेशीतालाई कमजोर बनाउने राजनीतिक प्रयासहरू तीव्र भइरहेकाले ती उपलब्धिको रक्षा गर्न गठबन्धन बनाउनुको विकल्प नरहेको बताए । गठबन्धनको उद्देश्य जनताको प्राथमिक मुद्दामा केन्द्रित रही राष्ट्रिय राजनीतिमा विकल्प निर्माण गर्नु रहेको उनले बताए । अध्यक्ष अन्सारीका अनुसार, 'यो गठबन्धन कुनै जातीय वा क्षेत्रीय स्वार्थका लागि नभई समावेशी लोकतन्त्र र संविधानले प्रत्याभूत गरेका अधिकारको रक्षा र प्रभावकारी कार्यान्वयनका लागि हो ।' गठबन्धन घोषणा गर्नु भनेको केवल दलहरूको एकता नभई जनतामाझ नयाँ आशा जगाउने र उत्पीडित वर्गको आवाजलाई मूलधारमा ल्याउने अभियानको आरम्भ रहेको उनले बताए । संघीय गणतान्त्रिक गठबन्धनमा नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल सद्भावना पार्टी, नेपाल जनजागृति पार्टी र ऐतिहासिक जनता पार्टी सहभागी छन् । यी दलहरूले साझा उद्देश्य र दृष्टिकोणका साथ दीर्घकालीन राजनीतिक यात्राका लागि हातेमालो गरेका हुन् । बहुजन एकता पार्टी नेपालका अध्यक्ष हरिनन्दन कुमार रंजनले बहुजन, दलित, आदिवासी, मुस्लिम, मधेशी, महिला र युवाहरूका मुद्दा सत्ता र नीति निर्माणको केन्द्रमा ल्याउन वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता रहेको बताए । नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले समावेशी समानताको आधारमा राजनीति गर्दै समग्र मधेश र सिमान्तकृत वर्गको सम्मान र समृद्धिको बाटो खोल्ने प्रतिबद्धता जनाए । नेपाल जनजागृति पार्टीका अध्यक्ष डि.पी. निषाद सहनीले संविधान निर्माणमा समेटिएका श्रमिक वर्ग, दलित र मुस्लिम समुदायका अधिकारहरूको कार्यान्वयन सुनिश्चित गर्न गठबन्धनमार्फत जनताको सरकार निर्माण गर्ने लक्ष्य लिइएको बताए । ऐतिहासिक जनता पार्टीका अध्यक्ष बद्री ठाकुरले सहिदहरूको बलिदानबाट आएको गणतन्त्रको रक्षा गर्न यो गठबन्धन उत्पीडित जनताको वास्तविक राजनीतिक प्रतिनिधित्व बन्ने विश्वास व्यक्त गरे । गठबन्धनले घोषणापछि कार्यान्वयनका निम्ति चार महत्त्वपूर्ण क्षेत्रलाई प्राथमिकता दिने निर्णय गरेको छ । गठबन्धनले साझा एजेण्डा र दृष्टिकोणका आधारमा नीतिगत दस्तावेज निर्माण, पाँचै दलका प्रतिनिधित्वसहितको समावेशी नेतृत्व संरचना विकास, जनस्तरसम्म पहुँच पुर्याउने अभियान सञ्चालन र स्थानीयदेखि संघीय तहसम्म राजनीतिक प्रभाव विस्तार गर्ने योजना बनाएको छ ।

# सामुदायिक क्याम्पसका पक्षमा मधेश सरकारलाई 'अभिभावकत्व' ग्रहण गर्न आग्रह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशका सामुदायिक क्याम्पसहरू विगत लामो समयदेखि दीर्घकालीन समस्याहरूको भार बोक्दै आफूलाई शिक्षाको आधारभूत स्रोतका रूपमा स्थापित गर्दै आएका छन् । तर, संस्थागत उपेक्षा र नीतिगत अस्पष्टताका कारण गुणस्तरीय उच्च शिक्षाको पहुँच अझै चुनौतीपूर्ण रहेको भन्दै नेपाल पब्लिक क्याम्पस संघ मधेश प्रदेशले प्रदेश सरकारलाई सामुदायिक क्याम्पसको अभिभावकत्व लिन आग्रह गरेको छ । संघले बुधबार मुख्यमन्त्री सतिश कुमार सिंह, आर्थिक मामिला तथा योजनामन्त्री सुनीलकुमार यादव र शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारीलाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै उच्च शिक्षाको क्षेत्र सुधार गर्न सरकारको गम्भीर हस्तक्षेप माग गरेको हो । संघद्वारा हस्तान्तरण गरिएको ज्ञापनपत्रमा मधेश प्रदेशभर रहेका ४४ वटा सामुदायिक क्याम्पसहरूले भोगिरहेका समस्या र चुनौतीलाई स्पष्ट रूपमा उठाइएको छ । जनस्तरबाट स्थापित, नाफारहित सिद्धान्तमा आधारित यी क्याम्पसहरू खासगरी महिला, जनजाति, दलित र सीमान्तकृत समुदायका विद्यार्थीका लागि उच्च शिक्षाको एकमात्र पहुँचको रूपमा कार्यरत छन् । देशभरका एक तिहाइ उच्च शिक्षा विद्यार्थीको जिम्मेवारी बोकेका सामुदायिक क्याम्पसहरू प्रदेश सरकारको बेवास्ता र न्यून बजेटीय व्यवस्थाका कारण दयनीय अवस्थामा पुगेको संघको गुनासो छ । नेपाल पब्लिक क्याम्पस संघको भनाइमा अन्य प्रदेश सरकारहरूले सामुदायिक क्याम्पसको विकासका लागि न्यूनतम १५ लाखदेखि ५ करोड रुपैयाँसम्मको बजेट व्यवस्थापन गरेका छन् । तर, मधेश प्रदेशमा यी क्याम्पसहरूले अत्यन्त न्यून अनुदान, कहिलेकाहीं त शून्य सहयोगमै क्याम्पस सञ्चालन गर्नु परेको यथार्थ छ ।

संघले ध्यानाकर्षण गराउँदै भनेको छ, 'जब देशको मानव विकास सूचकांकमा मधेश प्रदेश अझै पछि छ, त्यही बेला उच्च शिक्षाको मेरुदण्ड ठानिने सामुदायिक क्याम्पसलाई संरक्षण गर्नु प्रदेश सरकारको कर्तव्य हो ।' ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री सिंहले सामुदायिक क्याम्पसहरूको भूमिका प्रशंसनीय रहेको बताउँदै आगामी आर्थिक वर्षको बजेटमा यिनलाई 'अर्थपूर्ण रूपमा' समावेश गरिने आश्वासन दिएका छन् । संघका बारा अध्यक्ष अनील मैनालीका अनुसार, 'मुख्यमन्त्रीले अबका दिनमा सामुदायिक शिक्षा प्रणालीलाई मजबुत पार्ने योजनाको प्रारम्भ गरिने प्रतिबद्धता जनाउनुभयो ।' संघले प्रत्येक सामुदायिक क्याम्पसलाई न्यूनतम बजेट ग्यारेन्टी गर्न, तलब व्यवस्थापनका लागि नियमित अनुदान व्यवस्था, कक्षा सञ्चालन अनुकूल जनशक्ति र भौतिक पूर्वाधारको सुनिश्चितता, पुस्तकालय तथा प्रयोगशाला स्तरीकरणका कार्यक्रम, प्राध्यापक र कर्मचारीहरूको स्थायित्व र बढुवासम्बन्धी नीति निर्माण, समावेशी शिक्षाको सन्देश फैलाउन विशेष कार्यक्रम संचालन गर्न माग गरेको छ । संघका अध्यक्ष किशोर कुमार साह र उपाध्यक्ष राधेश्याम शिवाकोटीको नेतृत्वमा संघले ८ वटै जिल्लाबाट आएका सामुदायिक क्याम्पसका प्रमुख, व्यवस्थापन समिति अध्यक्षहरू लगायतको प्रतिनिधिमण्डलसहित मुख्यमन्त्री निवासमा ज्ञापनपत्र बुझाएको हो ।

# जनताको हितका लागि नीति तथा बजेटमा हस्तक्षेप गर्ने कांग्रेसको तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशको आगामी बजेट अधिवेशनलाई लक्षित गर्दै नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलले जनमुखी, समावेशी र प्रभावकारी बजेट निर्माणका लागि रणनीतिक छलफल अघि बढाएको छ । दलको बैठक बुधबार जनकपुरधामस्थित संसदीय दलको कार्यालयमा सम्पन्न भयो । संसदीय दलका नेता कृष्ण यादवको अध्यक्षतामा बसेको बैठकमा प्रदेश सरकारको नीति, कार्यक्रम र आगामी बजेट सम्बन्धी गहन छलफल गरिएको छ । बैठकमा सहभागी प्रदेशसभा सदस्यहरूका अनुसार नीति र बजेटले प्रदेशको समग्र आर्थिक विकासमा टेवा पुर्याउने, जनताको आधारभूत आवश्यकता सम्बोधन गर्ने र दीर्घकालीन पूर्वाधार योजनाहरूलाई प्राथमिकता दिने विषयमा जोड दिइएको छ । प्रदेशसभा सदस्य श्याम पटेलले भने, 'हामीले प्रदेशको विकास, रोजगारी सिर्जना, स्वास्थ्य, शिक्षा, पूर्वाधार र कृषिलाई प्राथमिकतामा राख्नुपर्ने निष्कर्ष निकालेका छौं ।' उनका अनुसार कांग्रेस संसदीय दलले प्रदेश सरकारसँग समन्वय गरी बजेटमा अधिकतम प्रभावकारी कार्यक्रम समावेश गराउने पहल गर्ने निर्णय गरेको छ । दलका सदस्यहरूका अनुसार विगतका बजेटहरूमा घोषणा भए पनि कार्यान्वयनमा कमजोरी देखिएको भन्दै यसपटक परिणाममुखी कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्नेमा सबै सांसद एकमत देखिए । बैठकले मधेश प्रदेश सरकारको हालको कार्यसम्पादनप्रति समीक्षात्मक दृष्टिकोण राख्दै सुशासन प्रवद्र्धनका लागि विशेष सुझाव दिने निर्णय पनि गरेको छ । प्रदेश सरकारको पारदर्शिता, उत्तरदायित्व र जवाफदेहितालाई अझ सुदृढ बनाउन दलले सशक्त भूमिका निर्वाह गर्ने प्रतिवद्धता जनाएको छ । सांसदहरूको भनाइमा, 'जनताले छुन सक्ने सेवा र कार्यक्रमको प्रभावकारिता अबको नीति तथा कार्यक्रमको मेरुदण्ड हुनुपर्छ ।' दलले आम जनतासँग जोडिएको, गरिबी निवारणतर्फ केन्द्रित, महिला, दलित, मधेशी र सिमान्तकृत समुदायका हक–अधिकार सुनिश्चित गर्ने नीतिहरू अगाडि ल्याउनुपर्ने धारणा राखेको छ । आगामी आर्थिक वर्ष २०८२÷०८३ को बजेट र नीति कार्यक्रम निर्माणको पूर्वसन्ध्यामा बसेको यो बैठकले कांग्रेस संसदीय दलको भावी रणनीति र सरकारसँगको संवादलाई स्पष्ट दिशा दिएको देखिन्छ । दलले बजेटमा प्रदेशको विशेष आवश्यकतालाई सम्बोधन गर्ने, कृषि तथा लघुउद्यममा लगानी बढाउने तथा युवाहरूको स्वरोजगार योजनामा बजेटको प्राथमिकता बढाउन जोड दिएको छ । बैठकले दलभित्र छुट्टै कार्यदल बनाएर बजेटमा समावेश गरिनुपर्ने कार्यक्रमहरूको सूची तयार पार्ने, मन्त्रालयवार नीति समिक्षा गर्ने र सरकारसँग निरन्तर समन्वय गर्ने निर्णय पनि लिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन